# ग्रामीण विकास केन्द्र

## कलैया, बारा

## स्थानीय अधिकार कार्यक्रम

# रणनीति पत्र

## २०१२ – २०१५


कलैया - ७, ( घुसुकपुर ) बारा

फोनः ०५३-५५००५८, ९८४५०५८१२०

इमेलः rdc@ntc.net.np, rdc.bara@gmail.com

वेभसाइटः www.rdcbara.org.np

# ग्रामीण विकास केन्द्र, बारा

## स्थानीय अधिकार कार्यक्रम रणनीति पत्र, २०१२ – २०१५

**बिषयवस्तु**

### १. परिचय

### १.१ पृष्ठभूमी : विगत र वर्तमान

ग्रामीण विकास केन्द्र, बारा मुनाफारहित सामाजिक गैर सरकारी संस्था हो । यो संस्था आफ्नो स्थापना कालदेखि नै बारा जिल्लाको ग्रामीण भेगको सामुदायिक विकासको कार्यमा संलग्न भएको छ । यस जिल्लाका समुदायमा लैगिक विभेद, छुवाछुत, अशिक्षा, बाल विवाह, चेलीबेटी बेचविखन, घरेलु हिंसा, जातिय विभेद जस्ता विभिन्न समस्याहरुले महिला, दलित, बालबालिका तथा गरीबहरु पिडित भएको पाइन्छ । मानव अधिकार संरक्षण र सामाजिक न्यायका बारेमा चेतना अभिबृद्धिद्वारा सामाजिक परिवर्तनको लागि आफ्नो भूमिकालाई प्रेरकको रुपमा राख्ने र सामुदायिक गतिविधिलाई समुदायकै नेतृत्वमा र सवालवालाको अगुवाईमा परिचालन र प्रस्तुत गर्ने । जसको सवाल उसैको अगुवाईलाई हामी चरितार्थ गर्छौ । सामाजिक सशक्तिकरण, जनवकालत, क्षमता अभिबृद्धि तथा सीपमूलक र जिविकोपार्जनका कार्यक्रमले सामाजको विकास गर्ने यस संस्थाको मुख्य सिद्धान्त हो । । यो संस्था जिल्ला प्रशासन कार्यालय, बारामा (द. नं. २९२/०५५/०५६) दर्ता र समाज कल्याण परिषदमा (आ. नं. १४१८१/०५९) आवद्ध रहेको छ भने गैरसरकारी संस्था महासंघ बारा, गैसस डेस्क जिविस, बारा र मानव अधिकार संगठन बारा आदि संस्थाहरुसंग आवद्ध रही सामाजिक परिवर्तनका लागि हालसम्म सक्रिय रुपमा काम गर्दै आइरहेको छ ।

### १.२ गरिबी र विकाश प्रतिको हाम्रो बुझाई

सामान्य अर्थमा गरिबीलाई सोझै आर्थिक अवस्था कमजोर भएको वा गाँस, वास तथा कपासको अभाव भएको स्थिति भन्ने चलन छ। तर समग्र सामाजिक, आर्थिक, राजनीतिक पक्षको विश्लेषण गर्ने हो भने गरीबी केवल आर्थिक अभाव वा खान लाउन धौ धौ पर्ने अवस्थाका रूपमा मात्र बुझ्दा संकुचित र अपूरो हुन्छ। अर्को तर्फ गरीबी एक सामाजिक जटिलता भित्र विभिन्न कारणहरुको संयुक्त परिणाम स्वरूप श्रृजना भएर मौलाएको समस्याको रूपमा लिन सकिन्छ। अतः गरिबी एक बहु आयामिक तथा जटिल समस्या हो। आयमुलक तथा मानवीय गरीबीको विविध पक्षलाई केलाउदा गरिबीका कारणहरु केवल आर्थिक मात्र नभई सामाजिक एवं प्रविधिको पछौटेपन पनि हो । अतः गरिबीलाई आधारभूत अधिकारको हनन् भएको अवस्थाको हो भनेर हामी भन्न सक्छौ । असमावेशीकरण, पितृसत्ता, अन्यायपूर्ण शासन व्यवस्था तथा नवउदारवाद जस्ता संरचनात्मक कारणले गरिब तथा पछाडि पारिएका व्यक्ति तथा समुदाय आफ्नो अधिकार पाउनबाट बञ्चित भएका छन् । प्राकृतिक प्रकोपको जोखिमबाट प्रभावितहरुको अधिकारलाई अझै पनि मानव अधिकारको दायराभित्र आउन सकेको छैन । प्रकोपको जोखिम क्षेत्रमा बसेका जनता झनझन संकटासन्न अवस्थामा गैरहेका छन् । साथै अनेक प्रकारका अनिश्चिततासमेत भोगिरहेका छन् । समाजमा रहेको असमान र अन्यायपूर्ण शक्ति सम्वन्धका कारणले गरिबीको कुचक्रमा कुनै पनि व्यक्ति वा समुहलाई धकेल्न बाध्य बनाउछ। अतः गरिबीको कुचक्रबाट बाहिर ल्याउन गरिबी प्रतिको दृष्टिकोण र सम्वोधनका प्रयासहरु अर्न्तगत मानव अधिकारमुखी विकासको अवधारणा अवलम्वन गर्दै समतामूलक कार्यलाई मुख्य प्राथमिकताको क्षेत्र बनाईएको छ।

### १.३ संस्थाको लक्ष्य र उदेश्यहरु

**लक्ष्य**

पछाडि धकेलिएका महिला, दलित, बालबालिका र गरिबहरुको सामाजिक, आर्थिक, राजनैतिक विकास, मानव अधिकार, शुसाशन र सामाजिक न्यायका लागि वकालत गर्ने, अभियान चलाउने आधारभूत श्रोतसाधनमा पहुँच बढाउने र सामाजिक परिवर्तन ल्याउने ।

**उदेश्यहरु**

यस संस्थाको उद्वेश्यहरु देहाय बमोजिम हुनेछ ।

(क) ग्रामीण जनजाति, महिला, दलित र बालबालिकाको मानव अधिकार प्रत्याभूति गराउन चेतना अभिवृद्धि गर्ने ।

(ख) लक्षित वर्गको जीवन स्तर उकास्न मानव अधिकारमा आधारित रहि दिगो आयमूलक, सेवामूलक कार्यक्रम गर्ने, गराउने ।

(ग) वातावरण तथा पर्यावरणमा बढिरहेको कु-प्रभावलाई रोक्ने र प्रकोप ब्यवस्थापन सम्बन्धि कार्यक्रमहरु तथा खाद्य सुरक्षाका कार्यक्रमहरु गर्ने ।

(घ) शान्ति, द्वन्द्व व्यवस्थापन र शुसाशनको क्षेत्रमा कार्यक्रमहरु गर्ने ।

(ङ) स्थानीय स्तरमा सरकारद्वारा प्रवाह गरिने सेवा सुविधाहरुलाई सुलभ प्रवाह गराउनका लागि तथा पछाडी पारिएका समुदायका व्यक्तिहरुलाई लोकतन्त्रको प्रत्याभुति गराउन अभियान संचालन गर्ने ।

(च) समान उदेश्य भएका क्षेत्रिय, राष्ट्रिय, अन्राष्ट्रिय संघ संस्थाहरुसंग मिली परियोजना संचालन गर्ने ।

(छ) सामुदायिक आयमूलक, शीपमूलक परियोजनाका साथै मानव अधिकारमा अधारित र विकास सम्बन्धि कार्यक्रमका तालिम, गोष्ठी, भेला, ऱ्याली, सभा तथा सेमिनार र अन्तरकृयाहरुको आयोजना र संचालन गर्ने ।

(ज) विविध राष्ट्रिय कार्यक्रमहरुमा सृजनात्मक रुपले सहभागी भई राष्ट्रको विकास र निर्माणमा सहयोग गर्ने ।

(झ) एच.आइ.भी. र एड्स, मातृशिशु कल्याण ,परिवार नियोजन र अन्य स्वास्थ्य सम्बन्धि चेतनामूलक कार्यक्रमहरुका साथै सेवासुविधा प्रदान हुने खालको कार्यक्रमहरु गर्ने ।

(ञ) समुदायको आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ सम्बन्धि कार्यक्रमहरु गर्ने ।

(ट) औपचारिक र अनौपचारिक शिक्षा सम्बन्धि कार्यक्रमहरु गर्ने ।

## १.४ मान्यता र विश्वास

**मान्यता :**

सबै मानिसको समान समतामूलक मानवीय व्यवहारलाई लागु गर्न प्रतिबद्ध रहनु ।

**समान अवसर :** लैङ्गिक, जातीय, धार्मिक, वर्गीय, राजनीति, पेशागत, भौगोलिक, उमेरगत, इत्यादि कुनै पनि प्रकारको भेदभाव विना प्रत्येक व्यक्तिको लागि बराबरी अधिकारको सुनिश्चितता गर्नु ,

**पारदर्शिता :** हाम्रो कार्यको योजना, आर्थिक कार्य र प्रभावकारिता सदैव पारदर्शी रहन्छ. ।

**जवाफदेहिता :** हाम्रो अधिकारवाला र सरोकारवालाप्रति हामी सदैव जवाफदेह रहन्छौं ।

**स्वतन्त्रता :** व्यक्तिगत स्वतन्त्रतालाई हामी सम्मान गर्छौं तथा कुनै पनि किसिमको धार्मिक र राजनीतिक लगाव भन्दा माथि र टाढा रहन्छौं ।

## २. हाम्रो सवल तथा सुधार्नु पर्ने पक्ष अवसरहरु र चुनौतीहरु :-

| **सवल पक्ष :-** | **सुधार गर्नुपर्ने पक्ष** |
|---|---|
| १.विषयगत दक्ष र प्रतिबद्ध व्यक्तिहरुद्वारा नेतृत्व तथा संचालित संस्था,<br>२.संस्थाभित्र सदस्य तथा कर्मचारी बिच ऐक्यवद्धता,<br>३.संस्थाले दिने सेवाहरुमा गुणस्तर कायम राख्न सफल,<br>४.अनुभवी तथा उत्प्रेरित कर्मचारी,<br>५.विषयगत संस्थाहरुसंग हातेमालो गर्दै सहकार्यमा वृद्धि,<br>६.शिक्षा, महिला अधिकार, दलित अधिकार र जिविकोपार्जन र भूमिहिन सवालमा अनुभवी कर्मचारी र समुदायको निर्माण,<br>७.दक्ष जनशक्ति, समन्वय र सहकार्यमा विस्तार ( विभिन्न संजालहरुमा ) पारस्परिक सम्वन्ध, | १.संस्थाको भौतिक तथा नियमित आर्थिक श्रोत,<br>२.विषयगत कार्यक्षेत्रको विस्तार,<br>३.महत्वपूर्ण दस्तावेजहरुको उचित व्यवस्थापन,<br>४.नियमित तथा प्रभावकारी अनुगमन तथा मूल्यांकन,<br>५.सिकाई, अनुभव तथा उपलब्धिहरुलाई संस्थागत गर्ने,<br>६.बाजार विस्तार, सम्वन्ध विस्तार तथा समन्वयमा वृद्धी,<br>७.आवश्यकता अनुसार संस्थाका नीति नियमावलीहरुको संशोधन, |

| | |
|---|---|
| ८.संस्थाले अन्य संघ संस्थाहरुसगँ राम्रो साझेदारीमा कार्य गरी राखेको,<br>९.संस्थाका मूल्य मान्यताहरु, कर्मचारीलाई आत्मासम्मानका साथ कार्य गर्ने मौका दिनु । | ८.नेतृत्व तहमा सदस्यको संख्या वृद्धि । |
| **अवसरहरु**<br>१. विपन्न वर्गहरुसँग काम गर्ने अवसर ।<br>२. मानव अधिकारमुखी अवधारणामा काम गर्ने अवसर । ( महिला अधिकार, खाद्य अधिकार र  बाल अधिकार )<br>३. विभिन्न संघ संस्थाहरुसँग साझेदार भई काम गर्ने अवसर जस्तै (AAIN, PAF, RWSSFDB, ASD, UNICEF, DDC, MOH, MOE )<br>४.सम्बन्धित सरोकार निकायहरुसँग काम गर्ने अवसर ।<br>५.स्थानीय स्तरदेखी जिल्ला र राष्ट्रिय तहसम्मको समन्वय गर्ने अवसर ।<br>६.अधिकार, पैरवी मा अनुभवका कारण गै.स.स. तथा स्थानीय संस्था तथा समुदायहरुको क्षमता अभिवृद्धिका कार्य गर्न सकिने ।<br>७.संस्था समुदाय तथा संस्था विकास, तालिम तथा परामर्श आदि क्षेत्रमा प्रवेशका लागि योग्य जनशक्ति रहेको । | **चुनौतीहरु :-**<br>१.कार्यक्रम बढाउन अधिकारवाला समुदायवाट माग भइरहने तर बजेटको अभावले बढाउन नसक्दा जवाफ दिन अप्ठ्यारो परेको ।<br>२.कर्मचारीहरु अन्यत्र तलबको आकर्षणले जाने गर्दा कार्यक्रममा प्रभाव पर्ने ।<br>३.अधिकारमूखी कार्यक्रममा शक्तिशाक्ति व्यक्तिहरुको विरुद्ध अभियान गर्नुपर्दा कर्मचारीमाथि विभिन्न खाले झगडा गाउँमै  मिलाउन राजनितिक पार्टीहरुवाट दवाव आउने गरेकोले कर्मचारी र पदाधिकारीहरु जहिले पनि त्रासमा बस्नु पर्ने बाध्यता रहेको । कर्मचारीहरुको जीवन विमाको आबश्यकता रहेको ।<br>४.समुदायमा दाईजो, बालविहा, बोक्सी अपराध, घरेलु तथा लैंगिक हिंसा कायमै रहेको ।<br>५.विधालयमा अशुद्ध राजनितिकरण, सामाजिक लेखा परिक्षण, गाविस सचिवको अनुपस्थिती, सेवा ग्राही र सेवा प्रदायक विचको असमान सम्बन्ध रहेको छ । |

## ३. सहकार्य र साझेदारीता

अधिकारमूखी कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन विभिन्न सरोकारवालाहरुसंगको सहकार्यको ठूलो महत्व छ । हामी सहभागितामूलक धारणामा विश्वास गर्दछौं र कार्यक्रम गर्दा समुदाय तथा स्थानीय संघ संस्थासंग मिलेर वा सहकार्य गरेर संचालन गर्दछ । गरिव तथा पछाडि पारिएका समुदायको हितमा हुने कुनै पनि कार्यक्रम तथा समान उद्धेश्य भएका कुनै पनि संघ संस्थासंग मिलेर कार्य गर्न सक्नेछ । राज्यका विभिन्न निकाय, अन्य संघ संस्था र नागरिक समाजसंगको सहकार्य पनि त्यतिकै महत्वपूर्ण हुन्छ । त्यसैले यस साझेदारी कार्यक्रम अन्तर्गत राज्यको नितिगत कुराहरुमा सुधार गर्ने, स्रोतको बाँडफाँड र परिचालन, गरिव तथा विपन्नहरुको आवाजलाई सुनिश्चित गर्ने जस्ता कुराहरुमा मूल्य र मन्यता मिल्ने त्यस्ता संघसंस्थाहरुसंग सहकार्य गर्न सकिने छ । यसका साथै यस संस्थाले दीर्घकालिन साझेदारको रुपमा एक्शन एड अर्न्तराष्ट्रिय नेपालसंग सन् २०१४ डिसेम्बर, ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिसंग सहकार्य गरी खानेपानी तथा सरसफाई कार्यक्रम आ.व. २०६९/०७० सम्म, गरिबी निवारण कोषको आर्थिक सहयोगमा आ.व. २०६६/०६७ देखि दीर्घकालिन साझेदारको रुपमा गरिबी निवारण कार्यक्रम संचालन गरिदै आउनुको साथै युनिसेफ / जिल्ला शिक्षा कार्यालय बारा संगको साझेदारीमा बालिका शिक्षा प्रर्बद्धन कार्यक्रम तथा **LGCDP** संगको सहकार्यमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम संचालन गर्दै आएका छौ ।

## ४. स्थानीय अधिकार कार्यक्रमको रणनीतिक योजना निर्माणको प्रकृया

यो रणनीतिक योजना मूलतः ग्रामीण विकास केन्द्र, बारा र एक्सनएड इन्टरनेशनल नेपालको संयुक्त प्रयासबाट तयार गरिएको हो । मुख्य गरी साझेदारी कार्यक्रमका कर्मचारीहरुको महत्वपूर्ण योगदान रहेको छ । त्यसकारण यो रणनीतिक योजनाको स्वामित्व दुवै संस्थाको रहेको छ । विगत २०११ मा गरिएको स्थानीय अधिकार कार्यक्रमको स्वमुल्यांकन,

विगतमा भएको स्वतन्त्र अनुगमन मूल्यांकन प्रतिवेदन साथै हाम्रो अनुभव र सिकाईलाई समेत समेट्दै रणनीतिक योजना तयार गरिएको छ ।

त्यसैगरी एक्सनएड इन्टरनेशनल नेपालबाट प्राप्त अभिमुखीकरण तथा कार्यशाला गोष्ठिको छलफलबाट सहमति गरिएको बिषयवस्तुलाई रणनीतिक योजनाको विषयवस्तुमा प्रयोग गरिएको छ । उद्धेश्यहरुको तय गर्ने, मूख्य कार्यहरुको प्राथमिकता, आशातित नतिजा र सूचक तथा ती सूचकहरुको वेसलाईन सूचना कार्यक्रम टिमबाट तय गरिएको छ ।

## ५. कार्य क्षेत्रको सन्दर्भ विश्लेषण

### ५.१ विवरण

नेपालको जनगणना २०५८ अनुसार बारा जिल्लाको जम्मा जनसंख्या ५५९१३५ जना रहेकोछ जसमध्ये २६९७३८ जना महिला तथा २८९३९७ जना पुरुष रहेकोछ । यो संख्याले नेपालको कुल जनसंख्याको २.४२ अंशको प्रतिनिधित्व गर्दछ । यस जिल्लाको प्रतिवर्ग कि.मि.क्षेत्रफलमा लगभग ४७० जना व्यक्तिहरुको जनघनत्व रहेकोछ । कुल ८७७०६ परिवारहरुमा प्रति परिवार लगभग ६.३८ जना सदस्य रहेको पाईन्छ । त्यस्तै पारिवारिक बनौटको हकमा ६.३८ जना मात्र सदस्यहरु भएको पारिवारिक संख्या सबै भन्दा बढि रहेको देखिन्छ । यस जिल्लामा औषत वार्षिक जनसंख्या वृद्धि २.९६ प्रतिशत रहेकोले सोही दर कायम रहेमा आगामी २३.८ वर्षमा जनसंख्या दोब्बर हुनेछ ।

धर्म अनुसार जनसंख्या प्रतिशतमा हेर्दा हिन्दु ८१.९४ प्रतिशत, बौद्ध ४.४८ प्रतिशत, मुस्लिम १३.४२ प्रतिशत, क्रिश्चियन ०.०९ प्रतिशत रहेकोछ । भाषाको आधारमा हेर्दा भोजपुरी भाषा बोल्ने ७६.०९ प्रतिशत नेपाली भाषा बोल्ने ११.१० प्रतिशत, थारु ( दगौरा ) भाषा बोल्ने ७.१७ प्रतिशत रहेकोछ । बाहुल्यता रहेको जनसंख्या प्रतिशत मस्लिम ७५०९६ (१३.४३ प्रतिशत ) दोश्रो वाहुल्यतामा यादव ६३२५९ ( ११.३१ प्रतिशत ) जनसंख्या रहेकोछ ।

यस जिल्लाको औषत आयु ६९.५८ वर्ष रहेकोमा महिलाको ६१.५६ वर्ष, पुरुष ५९.९५ वर्ष रहेकोछ । साथै यस जिल्लाको प्रजनन् दर ३.७ प्रतिशत रहेकोछ । साक्षरता प्रतिशत ( ६ वर्ष भन्दा माथिको ४२.७ प्रतिशत रहेकोछ । जसमध्ये महिलाको २९.९ प्रतिशत तथा पुरुषको ५५.२ प्रतिशत रहेकोछ जसले शिक्षामा लैङ्गिक विभेद भएको सप्रमाण बुझिन्छ । विवाह गर्ने औषत उमेर महिलाको १७.३ वर्ष तथा पुरुषको २१.२ वर्ष रहेकोछ ।

बारा जिल्लाले नेपालको कुल भागको ०.८१ प्रतिशत तराई प्रदेशको ३.५ प्रतिशत मध्माञ्चल विकास क्षेत्रको ४.३४ प्रतिशत मध्य तराई क्षेत्रको १२.७६ प्रतिशत रहेको र नारायणी अंञ्चलको १४.३१ प्रतिशत भु-भाग ओगटेको छ । नेपालका ७५ जिल्लाको जिल्लागत क्षेत्रफलको आधारमा बारा जिल्ला ६१ औं स्थानमा पर्दछ  भने जनसंख्या, घर परिवार संख्या र जनघनत्वको हिसाबले बारा जिल्ला क्रमशः १२ औं, १५ औं र ११ औं स्थानमा पर्दछ । बारा जिल्लाको दिंघकालिन कृषि योजना, सडक र सिचाईको नहरलाई आधार भनेर जिल्लालाई अलग गर्न ५ वटा कलष्टर र १६ वटा उप कलष्टरमा विभाजन गरेकोछ । यी विभाजनमा एक आपसको गाविस संयोजन पुर्नतः नमिल्नाले शिक्षा, स्वास्थ्य, कृषि, पशु र वन सम्बन्धि स्थानीय स्तरका आकडा परस्पर तुलना योग्य हुन सकेको पाईदैन । प्रायः सबै आकडाहरुलाई जिल्ला स्तरमा जोडेर अध्ययन गर्नुपर्ने व्यवस्था रहेकोछ । यस जिल्लाको प्रमुख नदिनालाहरुमा अरुवा, पसाहा, लालबकैया, जमुनी, तियर, दुधौंरा, बंगरी र थलही रहेकोछ ।

यस जिल्लाको लैंगिक सशक्तिकरण सुचकांकलाई हेर्दा स्थानीय चुनावमा महिलाको सहभागिता १९.३३ प्रतिशत, professional jobd मा कार्यरत १८.७५ प्रतिशत, प्रशासनिक पदमा कार्यरत १२.७१ प्रतिशत, पारिवारिक आयमा महिलाको अंश ०.३०२ प्रतिशत रहेकोछ साथै महिला सशक्तिकरण सुचकांक ०.३९१ प्रतिशत रहेककोछ ।

यस जिल्लाको प्रति व्यक्ति आय (एएए १३१० ) अमेरिकी डलरमा ३९६ रहेकोछ । साथै कृषि, मत्स्यपालन तथा वनबाट रु.४८८० ( दश लाखमा) ३१.२० प्रतिशत योगदान रहेकोछ । आय व्यापार, मजदुरी अन्य कामको लागि यस जिल्लाका ७५.४८ प्रतिशत नेपालीहरु भारतमा जाने गरेको छ ।

( *श्रोत : नेपालको राष्ट्रिय जनगणना २०५८, जि.वि.स. प्रोफाईल  २०६३ तथा ग्रामीण विकास केन्द्रले गरेको अवस्था विश्लेषण २०६९ )*

## कार्यक्षेत्रमा रहेको अधिकारवालाहरुको अवस्था विश्लेषण

| क.सं. | समुदाय तथा अधिकारवालाहरुको बारेमा सामान्य जानकारी | धर्मनगर | तेलकुवाँ | रौवाही | उचिडिह | गोलागञ्ज | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **१. सम्बन्धित बस्तीमा जम्मा घरधुरी सम्बन्धि जानकारी** | | | | | | | |
| १.१ | बस्तीमा रहेको जम्मा घरधुरी संख्या | ७०२ | ७५७ | ४९१ | ५२१ | ५९१ | ३०६२ |
| १.२ | दलित घरधुरी संख्या | ७० | १३२ | ८० | ७१ | ३८ | ३९१ |
| १.३ | आदीबासी जनजातीको घरधुरी संख्या | ९७ | २५ | ७१ | ० | ० | १९३ |
| १.४ | अन्य घरधुरी संख्या | ५३९ | ६०० | ३४० | ४५० | ५५३ | २४८२ |
| १.५ | महिला घरमुली भएको घरधुरी संख्या | ६ | १० | १५ | ४ | ८ | ४३ |
| **२. जनसंख्या सम्बन्धि जानकारी** | | | | | | | |
| २.१ | बस्तीको कुल जनसंख्या | ५१७९ | ५२५८ | ३४८२ | ४४३८ | ४५३० | २२८८७ |
| २.२ | आदीबासी जनजातीको जनसंख्या | ७४६ | १८९ | ५१५ | ० | ० | १४५० |
| २.३ | जम्मा महिलाको जनसंख्या | २४३९ | २५५० | १६५४ | २१६६ | २१८८ | १०९९७ |
| २.४ | जम्मा बालबालिकाको संख्या | १८६७ | १८७८ | १०८९ | २०७८ | १९३३ | ८८४५ |
| २.५ | जम्मा बालकको संख्या | १०२८ | ११६७ | ५८९ | ९६० | १०१४ | ४७५८ |
| २.६ | जम्मा बालिकाको संख्या | ८३९ | ९११ | ५९९ | ९१९ | ९२० | ४०८७ |
| २.७ | विधालय जाने उमेरका बालबालिकाको संख्या | १२७५ | १४४३ | ८११ | ८८६ | ९७० | ५३८५ |
| २.८ | जम्मा अपांगता भएकाहरुको संख्या | ७५ | ४७ | ३६ | ४७ | ५१ | २५६ |
| २.९ | दलितको संख्या | ३३१ | ७७२ | ५९० | ५३१ | २४६ | २४७० |
| ३.उद्धेश्य नं. १ संग सम्बन्धित जानकारी | | | | | | | |
| ३.१ | सिचाईको सार्वजनिक व्यवस्था भएको जमिनको क्षेत्रफल(विघामा) | ५० | १०० | ० | १०० | २०० | ४५० |
| ३.२ | सम्पन्न परिवार संख्या | २० | १५ | ८ | ९ | ९ | ६१ |
| ३.३ | मध्यम परिवार संख्या | २०९ | २७६ | १०६ | १८५ | १७१ | ९४७ |
| ३.४ | निम्न मध्यम स्तरीय परिवार संख्या | १४६ | ९५ | १३५ | १३६ | १२१ | ६३३ |
| ३.५ | गरिब परिवार संख्या | १५० | १३६ | ८५ | ५५ | १२७ | ५५३ |
| ३.६ | अति गरिब परिवार संख्या | १५२ | २८९ | १६५ | १३० | १३२ | ८६८ |
| ३.७ | स्वरोजगारमा लागेको परिवार संख्या | २११ | ६८ | ८७ | २८७ | ६५ | ७१८ |
| ३.८ | जम्मा बचत समुहको संख्या | | | | | | |
| ३.९ | बचत समुहमा आबद्ध भएको संख्या | | | | | | |
| **४.उद्धेश्य नं. २ संग सम्बन्धित जानकारी** | | | | | | | |
| ४.१ | एकल महिला भात्ता पाउने महिलाको संख्या | ६८ | ८४ | ५९ | ० | ० | २६१ |
| ४.२ | वृद्ध भात्ता पाउने वृद्धको संख्या | ७० | ८५ | ६२ | ० | ० | २१७ |
| ४.३ | अपांगता भात्ता पाउनेको संख्या | ३ | ६२ | ८ | ९ | ११ | |
| ४.४ | जम्मा विधालय संख्या | २ | ७ | ३ | ३ | ३ | १९ |
| ४.५ | स्वास्थ्य चौकीको संख्या | १ | १ | १ | १ | १ | ५ |
| ४.६ | हुलाकको संख्या | १ | १ | ० | १ | ० | ३ |
| ४.७ | कृषि तथा पशु उपसेवाको संख्या | १ | १ | ० | ० | १ | ३ |
| **५.उद्धेश्य नं. ३ संग सम्बन्धित जानकारी** | | | | | | | |
| ५.१ | महिला समुहको संख्या | | | | | | |
| ५.२ | महिला समुहमा आबद्ध अधिकारवालाहरुको संख्या | | | | | | |
| ५.३ | महिला अधिकार मञ्चको संख्या | १ | १ | १ | १ | १ | ५ |
| ५.४ | महिला अधिकार मञ्चमा आबद्ध भएको संख्या | १०८ | १२१ | ८१ | १०८ | ९९ | |
| ५.५ | महिलाको नाममा जग्गा भएको घरधुरी संख्या | १०७ | ४५ | ४९ | ५१ | १८ | २७० |
| **६.उद्धेश्य नं.४ संग सम्बन्धित जानकारी** | | | | | | | |
| ६.१ | जम्मा विधालय संख्या | २ | ७ | ३ | ३ | ३ | १९ |
| ६.२ | उ.मा.वि.को संख्या | ० | १ | ० | ० | १ | २ |
| ६.३ | म.वि.को संख्या | १ | ० | ० | ० | ० | १ |
| ६.४ | नि.मा.वि.को संख्या | १ | ० | १ | ० | १ | ३ |
| ६.५ | प्रा.वि.को संख्या | ० | ६ | २ | ३ | १ | १२ |
| ६.६ | विधालय छाड्ने दर प्रतिशतमा | १६ | २२ | २१ | १७ | ९.७ | |

(श्रोत : सन्दर्भ विश्लेषण २०६९ , तथा फिल्ड सर्वे तथा FGD )

### ५.२ मानव अधिकारमूखी पद्धतिको विश्लेषण –

मानव भएर जन्म लिई सकेपछि  मानवको केहि निश्चित अधिकारहरु हुन्छन् । मानवको यस अधिकारलाई कसैले सिर्जना गर्न सक्दैन, लिन र दिन सक्दैन र खोस्न सक्दैन, भनिन्छ । यसर्थ, मानव अधिकार कानुन भन्दा अझ परको कुरा हो भनिन्छ । मानव अधिकार विश्वव्यापकताको सिद्धान्त, अधिकार र स्वतन्त्रता, आधारभूत स्वतन्त्रता र आत्म सम्मानमा आधारित र कानुन भन्दा परको अवधारणामा आधारित छ भने अधिकार राज्य प्रदत्त, प्रामाणिक दावी र दावीको आधारमा निर्मित कानुनहरुसंग सम्बन्धित छ । मानव अधिकारमुखि पद्धतिले सबै कुरा (विकास) लाई समानता र विभेद रहित आखाबाट हेर्दछ । अधिकारवालालाई केन्द्रमा राखेर हेर्दा असमान शक्ति सम्बन्धको विश्लेषण र विरोध, साझेदारीमा काम गर्ने, उत्तरदायी र पारदर्शी हुने, महिला अधिकारलाई वढावा दिने, आलोचनात्मक चिन्तन मनन र सिकाईबाट सुधार गर्ने, सबै तह बिच सम्बन्ध राख्ने, यस विधिले खास गरी परिवार, समाज, राज्य या सरकारलाई लक्षित वर्ग प्रति जवाफदेहि तथा जिम्मेवार बनाउने र दायित्व बोध गर्ने वातावरणको सृजना गर्दछ ।

### ५.२.१ शक्ति विश्लेषण

राज्यको महत्वपूर्ण पाटोको रुपमा रहेको यो शक्ति सम्वन्धका कारण पनि मानिसहरुमा बिभिन्न विभेद भैरहेको अवस्था छ । क्षमता, ज्ञान, पद, सम्पती, सम्मान, प्रतिष्ठा, शक्ति हो, यो शक्तिलाई केहि मानिसहरुले आफ्नो नियन्त्रणमा लिएका कारण वा आफूखुसी उपयोग गरेका कारण समाजमा बिभिन्न बिभेदका अवस्थाहरुको सृजना भएको छ जसका कारण गरीव समूदायलाई समाजले निकै पछाडी धकेलीरहेको छ  । गरीव तथा सिमान्तकृत बर्ग, समुह तथा समुदायको अधिकार सुनिश्चित नभएकै कारण समाजमा असन्तुलित शक्ति सम्बन्ध हुन्छ र असन्तुलित शक्ति सम्बन्धकै कारण गरीव धनिको बिचको दुरी अझ बढ्न गई सामाजिक बिभेदको अवस्था बढिरहेको छ ।

यी पद मान सम्मान ओगटेका मानिसहरु समाज देखी बिभिन्न सरकारी निकायहरु,  गा.वि.स जिविस तथा अन्य सरकारी निकाय, राजनीति, प्राकृति श्रोत तथा साधन लगाएत जतिपनि विकास निर्माण्का कार्यहरु भैरहेका हुन्छन् ती सवैमा पहुँचवाला, पुरुष, समाजका टाठा वाठाहरु तथा राजनैतिक दलका आसेपासे हरुले यहि शक्तिको भरमा रजाई गरीरहेका हुन्छन् । विधमान समाजमा कोहि मालिक कोहि नोक्कर हुने प्रबृति हुनु, जसले गर्दा शक्ति असन्तुलन भई धनी र गरीव विचको खाडल वन्ने तथा बढ्ने गर्दछ । यी शक्तिहरुको पहिचान गरी हाम्रा कार्यक्रहरुलाई गरिव मुखी बनाउदै तथा उनिहरुलाई केन्द्र विन्दुमा राखेर कार्यक्रमहरु गर्नु पर्ने हुन्छ । बिगत सन २००५ देखीको कार्यक्रमले कार्यक्षेत्रमा केहि परिवर्तन गरेको भएता पनि यसलाई पूर्णता दिन तथा सामाजिक न्याय कायम गर्न निकै वाँकी रहेको छ । घर भित्र पुरुषमा, समुदायमा पहिला देखि अगाडी बढेकाहरु, राजनितिमा पहुँच भएकाहरु, बाहुन, मोल्बी, मौलानाहरुमा शक्ति निहित रहेको कारण यी पात्रहरुमा परिवर्तण गर्नु आजको आवश्यकता रहेकोमा अझ पनि हामीले काम गर्न निकै बाकी रहेकोछ जस्तो लागदछ ।

### ५.२.२ महिला अधिकारको विश्लेषण

नेपाली परिवेश त्यसमा पनि छोरा र छोरीमा रहेको ब्यापक बिभेदका बिचमा बारा जिल्लाको परिबेशमा महिला अधिकारको संस्थागत विकास तथा सामाजिक रुपान्तरणमा निकै अभ्यास गर्नुपर्ने रहेको छ । पितृसत्तात्मक समाज हुनुका कारण यस क्षेत्रका महिलाले पुरुष सरह पुर्ण रुपमा स्वतन्त्र र सम्मानपूर्वक जिवन यापन गर्न पाएका छैनन् । विषेश गरी महिला हिंसाहरुमा घरेलु हिसा, कुटपीट, बहु विबाह, बाल विवाह, बोक्सी आरोप आदि कारणहरु रहेको पाईन्छ । छोराको तिव्र चाहानाका कारण कतिपय हिंसाका घटनालाई अझ वढावा दिएको पाईन्छ । स्थानिय निकायहरुमा महिलाको उपस्थिती न्यून छ र निणर्य प्रकृयामा महिलाको अर्थपूर्ण सहभागीतामा कमि रहेको पाईन्छ । जिल्ला विकास समिती तथा गाउँ विकास समितिवाट योजना सम्पन्न गर्नका लागि बन्ने उपभोक्ता समितिहरुमा महिलाको अर्थपुर्ण सहभागीताको कमि तथा पहुँच अत्यन्त कम भएको  पाईन्छ । ग्रामीण विकास केन्द्रले कार्यक्रम सञ्चालनको क्रममा सन् २००७ मा गरेको नमुना सर्वेक्षणको आधारमा पाँच गाविसमा जम्मा २७ जना महिलाको भूमिमा अधिकार रहेकोमा हाम्रा निरन्तर अभियानका प्रभाववाट हाल त्यो संख्या बढेर २७० पुगेको छ । यसलाई संस्थागत गर्न तथा निरतन्तरताका लागि हाम्रा कार्यक्रमहरु निरन्तर रुपमा रहेका छन् । यसका अलावा पनि  प्रजनन अधिकार, शिक्षा र रोजगारबाट महिलाहरु कमैले मात्र सेवा सुविधा लिएको अवस्था छ । यो अवस्था सम्म आईपुग्दा महिलाको घरभित्रको कामको जिम्मेवारी तथा उनिहरुको कामको

सम्मान हुने र वेतलवी सेवा मूलक कार्यको सम्मान गर्ने वातावरण नबनि सकेकोले गर्दा महिला हिंसाका घटनाहरुमा वाञ्छनिय रुपमा कमि आउन सकेको छैन । विभिन्न संघ संस्थाहरुले महिलाहरुको अधिकार र सशक्तिकरणका लागि कार्य गर्दै आएता पनि अझै सोंचे अनुसारको उपलब्धि हुन नसकेको अवस्था बिद्यमान रहेकोछ ।

### ५.२.३ जोखिम विश्लेषण :

जोखीमको बिश्लेषणका बिषयमा संस्थाले गरेका कार्यक्रमहरुको प्रभावलाई लिएर त्यति ठूला समस्याहरु नरहेको भएता पनि महिला अधिकारका लागि बहस तथा पैरवीगर्दा र पिडित महिलाको पक्षमा वकालत गर्दा पिडकको पक्षवाट बिभिन्न धम्की आउने गरेका केहि घटनाहरु छन् । यसका अलावा कार्यक्षेत्रका गाविसहरुमा घना बस्तीको कारण आगलागीको चरम चपेटामा पर्ने गरेको छ । हाम्रा कार्यक्षेत्रका ५ वटा गाविसहरुका समूदायमा आगलागी तथा चिसोको कारण कठ्यांग्रिएर मर्ने, कोल्ड डाईरिया जस्ता समस्या रहेको छ । मङ्सिर देखि पौष सम्ममा हुने विकराल चिसोको कारण अधिकारवालाहरु धेरै नै कष्टकर जिवन विताउनु पर्ने अवस्था रहेको छ । प्रकोप व्यवस्थापनका लागि ग्रामीण विकास केन्द्रले केहि सुरुवात गर्ने गरेको भएता पनि यसैले पर्याप्तता भने भएको छैन ।

यसको अलावा समग्र देशको राजनैतिक प्रभावका कारण पनि जिल्लाका कार्यक्रमहरुमा प्रभाव पर्ने गरेको छ । बेला वेलामा हुने गरेको बिभिन्न बन्द हड्तालको प्रभाव तथा असार साउनमा बर्षाको कारणले वाल विवरण संकलनमा समेत आंसिक प्रभाव पर्ने गरेको छ । तर पनि संस्थाले यसको सफल व्यवस्थापन गर्दै गैरहेको छ । सरोकारवालाहरुले संस्थाको कामलाई अपेक्षित रुपमा सहयोग गर्ने गरेको पाईएता पनि निरन्तरतामा अझै खडेरीकै अवस्था रहेको छ । कार्यक्रममा बुझाई रहेको भएता पनि लक्षित वर्गको बजेटमा गाविस जिविसको तर्फवाट त्यति पारदर्शि तथा जवाफदेहि भएको अवस्था छैन । जसका कारण पनि अधिकारवालाको अधिकार स्थापीत गर्न जोखीम नै रहेको छ । तर पनि ति जोखीमहरुको न्यूनिकरणका लागि संस्थाले बिभिन्न योजना तय गर्ने तथा रणनितीक र नितिगत वकालतको माध्यमवाट पूरा गर्दै जाने सोचाई अवलम्वन गरेको छ ।

### ५.२.५ स्रोत विश्लेषण

स्रोत भन्नाले प्राकृतिक, आर्थिक तथा मानवीय श्रोतलाई जनाउँछ । वन जंगल, नदीनाला, पहाड, हिमाल, हावापानी, ताल, पूँजी, नगद, सम्पति, सामान, घर जग्गा, व्यवसाय, मानव शक्ति, प्राविधिक ज्ञान शीप तथा बिषेशतालाई शक्तिका रूपमा लिन सक्दछौं । श्रोतको कुरा गर्दा मानवीय श्रोत प्रसस्त रहेको भएता पनि त्यसको सहि परिचालन हुन सकिरहेको छैन । जसका कारण युवाहरु बढि मात्रामा बिदेशीने तथा युवा वेरोजगार रहेको अवस्था छ । तर पनि संस्थाले मानवीय श्रोतको परिचालनको लागि प्रयास गरिरहेको छ । प्राकृतिक श्रोत साधनको कुरा गर्दा जल जंगल जमिनका क्षेत्रमा संस्थाले बिशेष रुपमा परिचालन गर्नेछ । भूमि अधिकार, भूमिमा महिलाको अधिकार, साना व्यवसाय प्रबर्द्धन, बचत समुह परिचालन गरी उनिहरुको जिवीकोपार्जनमा सुधार पुऱ्याउने कार्यहरुमा संस्थाको बिशेष योगदान रहने छ । जल अधिकार तथा पानीको श्रोतको लागि पनि हाम्रो विशेष सचेतीकरण गर्ने कार्यमा पनि संस्थाले कार्य गर्दै अएको छ ।

सरकारी श्रोतहरुमा ग्रामीण विकास केन्द्रले निकै कार्य गर्दै आईरहेको छ । सरकारी निकायको सेवा प्रवाहमा समुदायले चाँसो दिन थालेका छन् भने गाविस जिवीस तथा अन्य निकायका कार्यक्रमहरुलाई पनि संस्थाले श्रोतको रुपमा लिने छ ।

### ५.२.५ शक्ति संरचना र स्रोतको अवस्था

मानिसको सम्पत्ती क्षमता, सामाजिक हैसियत, ज्ञान, दलिय राजनीति , पद प्रतिष्ठाहरु भनेका कुराहरुलाई हामीले शक्तिको रुपमा लिएका छौ । जसको गलत प्रयोग गरी सामाजिक हिसाबले गरिब तथा पछाडी पारिएका वर्गहरुलाई बहिष्करणमा पारिरहेको छ । । गरीव तथा सिमान्तकृत वर्ग, समुह तथा समुदायको अधिकार सुनिश्चित नभएकै कारण समाजमा असन्तुलित शक्ति सम्बन्ध हुन्छ र असन्तुलित शक्ति सम्बन्धकै कारण एउटा बर्ग एउटा समूदायको सामाजिक, आर्थिक हैसियत बढ्न जान्छ भने अर्को समूदाय जो पछाडी पारियो जो गरीव भयो उसको अवस्था दिनानुदिन बिग्रदो अवस्थामा जाने हुन्छ । सरकारी कार्यालयहरु गा.वि.स., जिविस तथा अन्य निकायहरु, राजनीतिमा पहुँचवाला, सर्वदलिय संयन्त्र, पुरुषवर्ग (परिवारमा) राज्यको विभेदपूर्ण व्यवहार, कोहि मालिक कोहि नोकर हुने प्रबृतिमा केहि मात्रामा कमि आएको भएता पनि त्यसको निराकरण भै सकेको अवस्था भने छैन । जिल्लाको दक्षिणी क्षेत्रमा महिलाहरुको सम्पत्तीमा

स्वामित्व अत्यन्तै कम रहेको पाईएको छ । कार्यक्षेत्रका पाँच गाविसमा ३०६२ परिवार रहेको मध्ये महिलाको नाममा जग्गाधनि पूर्जा हुने परिवार जम्मा २७० घर परिवार मात्र रहेको छ । हरेक निति निर्माण तथा निर्णय प्रक्रियामा पुरुषहरुको अग्राधिकार रहेको पाईन्छ । जसमा हामीले निकै गर्नुपर्ने कार्यहरु रहेका छन् । बिभिन्न बन्ने गरेका समिति तथा निर्णायक तहमा महिला अनिवार्य हुने कानुनी व्यवस्था रहकोछ । हाम्रो कार्यक्षेत्रमा केहि सुधार भएको अवस्था रहेको भएता पनि समग्रमा निकै दयनिय अवस्था रहेको छ ।

### ५.२.६ पात्रहरुको विश्लेषण

मानव अधिकारमुखि अवधारणामा कार्यक्रम सञ्चालन गरि रहँदा हामी जहिले पनि अधिकारबाट वञ्चित गरीव, दलित, महिला, अति सिमान्कृत आदीवासीहरुलाई केन्द्रमा राखेर भनौं वा उनिहरुलाई लक्षित गर्दै कार्य सञ्चालन गर्ने गरीन्छ । उनीहरुलाई संगठित र सशक्तिकरणका साथै उनिहरुको पक्षमा कार्य गर्दा समाजमा भूमि अधिकारको कुरा गर्दा जमिन्दारहरु, राज्यको निति नियम तथा लक्षित वर्गको कुरा गर्दा सरकारी कर्मचारीहरु, बिपन्नको पक्षमा उभिएर अभियानको सहजीकरण गर्दा अन्य समाजका सामन्ती सोच भएकाहरु, महिला हिंसावाट पिडित भएका हरुको पक्षमा रहँदा पिडकहरु हाम्रो विपक्षमा हुन्छन् । तिनीहरुको उचित ब्यवस्थापन तथा सकारात्मक सोचको विकासका लागि पनि निरन्तर संस्थाले सहजिकरण गर्दै गैरहेको छ भने आगामी दिनहरुमा पनि यस्ता कार्यहरुलाई निरन्तरता दिईने छ । स्थानीय महिला समूह, महिला अधिकार मञ्च, भूमि अधिकार मञ्च, बाल क्लब हाम्रा कार्यक्रमका सहयोगी रहेका छन् र को बिरोधी छन् भन्ने बिषयमा बिश्लेषण गरि अगाडी बढिरहेका छन् जसलाई हाम्रो तर्फवाट पनि अझ ब्यवस्थापन गर्दै लगिरहेको अवस्था छ । कोहि ब्यक्ति वा संगठन ढुलमुलमा भएका खण्डमा पनि त्यसको उचित ब्यवस्थापन तथा अधिकारवालाको पक्षमा उभिने वातावरणको सृजना गर्न संस्था प्रयास गरिनै रहेकाछन् ।

### ५.२.७ संकटाभिमुखताको विश्लेषण

जिल्लाको परिबेशलाई हेर्दा हिउँदको समयमा हावा हुरी संगै हुने ब्यापक आगलागिको कारण पनि वेला वेलामा संकट आउने गरेको अवस्था छ । त्यसको अलावा विकराल ठन्डाको कारण अधिकारवालाहरु अत्यन्त चपेटामा रहेको छ जसले गर्दा कार्यक्रम गर्न पनि आंशिक कठिनाई उत्पन्न भैरहेका छन् । यसका अलावा जलवायु परिवर्तनका कारण वर्षाको समयमा लामो खडेरी पर्ने, जाडोको बेलामा लामो समय सम्म शित पर्ने कारणले गर्दा बारा जिल्लाका जनजीवन कष्टकर हुने अवस्था प्रत्येक वर्ष भई रहेकोछ । जसले गर्दा मानवीय असरका साथै कृषि उत्पादनमा पनि ह्रास हुने अवस्था रहेकोछ । साथै अविरल वर्षाका कारण गरिब तप्काका अधिकारवालाहरुको घर भत्किने, खाद्य वस्तुहरु कुहिने अवस्थामा ग्रामीण विकास केन्द्रले सो तथ्याँक संकलन गरी जिल्ला स्थित सरोकारवालाहरुसंग समन्वय गरी राहत सामाग्रीहरु उपलब्ध गराउने जस्ता कार्यक्रमहरु गर्दै आईरहेका छन् । साथै प्रकोप ब्यवस्थापनको लागि पूर्व तयारीका लागि जिल्ला स्तरमा संकटाभिमुख क्षेत्रको पहिचान गरी आगामी योजना निर्माण पनि गर्ने कार्य गर्दै आएका छन् ।

### ५.२.८ संचार र सम्भाब्यता विश्लेषण

सञ्चार माध्यमको बिषयममा मोवाईल, पत्र पत्रिका, समाचार, रेडियो, टिभी भएता पनि जिल्लाका सबै क्षेत्रहरुमा यिनिहरुको उपयोग भईरहेकोछ । जिल्लावाट प्रकाशित साप्ताहिक पत्रिका २ वटा रहेको छ । एफ एम १ वटा रहेको भएता पनि त्यसको प्रभाव जिल्लाका सबै गाविसमा पर्ने गरेको छ । रेडियो अन्य एफ एमहरु पनि प्रष्ट सुनिने अवस्था छ । राष्ट्रिय दैनिक पत्रिकाहरु सदरमुकाम बाहेकका सरकारी कार्यालयहरुमा मात्र पुगिरहेकोछ । तर अधिकारवालाहरुमा सचेतीकरणको कमीले गर्दा मोबाईल, रेडियोलाई मनोरञ्जनको रुपमा मात्र लिइएका छन् साथै कार्यरत कर्मचारी तथा समूदायको महत्वपूर्ण कार्यहरुमा मोवाईल फोनको माध्यमवाट पनि अध्यावधिक हुने वातावरणको सृजना भएको छ । हाम्रो कार्यक्षेत्रमा हेर्दा मोवाईल फोनको प्रयोग सबैले गरिरहेको पाईए तापनि पत्र पत्रिका र अन्य सञ्चार माध्यममा न्यून रहेको छ । यिनिहरुको बिश्लेषण गर्दा जिल्लाबाट निस्कने पत्रिकाको सुधार तथा त्यसको विकास गर्न सकेको खण्डमा सञ्चारमा पनि थप सहजता हुने देखीएको छ । त्यसका लागि संस्थाले पनि आवश्यक सहयोग गर्ने तथा नयाँ परिवर्तन तथा सबैको सरोकारको बिषय भएको खण्डमा त्यसलाई तुरुन्त समुदाय सम्म पुऱ्याउने निति लिएको छ र आगामी दिनमा पनि

अधिकारवालाहरुको प्रत्यक्ष संलग्नता रहने विषयलाई संस्थाले पनि अत्यन्तै महत्वका साथ लिने निति रहेको छ र यसबारे उनिहरुलाई तुरुन्तै सुसुचित हुने वातावरणको सृजना गर्न लागिने छ ।

**५.३ अधिकारवाला र सरोकारवाला**

**अधिकारवालाहरु**

- **महिला :-**जिल्लाको कुल जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलाहरुलाई केन्द्रले यस कार्यक्रमको पहिलो अधिकारवालाका रुपमा लिएको छ । यसमा पनि एकल महिला, दलित महिला, जनजाती महिला, हिसांबाट प्रभावित भएकाहरु प्रमुख हुन्
- **दलित :-**सामाजिक, आर्थिक, राजनीतिक र मानविय हिसावले पछाडी पारिएका छन् जसको पानी नचल्ने आरोपित भएकाहरु, विकासको मुल धारले समेट्न नसकेका यि दलित जातीहरु यस कार्यक्रमका अधिकारवालाहरु हुन् ।
- **भूमिहीन कृषकहरु :-**आफ्नो स्वामित्वमा जग्गा जमिन नहुनेहरु राज्यले उपलब्ध गराउने विभिन्न सेवाबाट बन्चित छन् । खाद्य वस्तुमा यिनीहरुको भौतिक र आर्थिक पहुँच पुगेको छैन् यिनिहरुलाई संस्थाले आफ्नो कार्यक्रममा अधिकारवालाको रुपमा लिएको छ ।
- **प्रकोप प्रभावितहरु : मा**नविय र प्राकृतिक दुवै थरि प्रकोपबाट विस्थापीत भएका, खतरामा परेका संकटाभिमुख अवस्थामा रहेका समुदायहरु आफ्नो नैसर्गीक अधिकार समेत पाउन नसकी दोस्रो दर्जाको नागरिक सरह बाँच्न बाध्य तुल्याईएकाहरु यस कार्यक्रममा अधिकारवालाहरु हुन् ।
- **बालबालिकाहरु** : सानै उमेरमा श्रम गर्न बाध्य तुल्याइएका, शिक्षाका उज्यालो घामबाट बन्चित पारिएका कुपोषणका सिकार भएका बालबालिकाहरुको भविष्यले भोलीको नेपाललाई चित्रण गरेको हुन्छ । उनिहरुलाई शिक्षा दिनु सबैको कर्तव्य हो र आधारभूत शिक्षाको अधिकारवाट कोहिपनि बञ्चित हुन नपरोस भनि हामी वालवालिकासंग कार्य सञ्चालन गरि उनिहरुपनि हाम्रा अधिकारवाला बर्ग हुन ।
- **अपाङ्गता भएकाहरु** : द्धन्द, दुर्घटना, रोग संक्रमणका कारण र जन्मजात अपाङ्ग भएका व्यक्तिहरु जसले आय आर्जनका काम गर्न नसक्दा समुदाय र परिवारले समेत भिन्न व्यवहार गरेको छ । ति भिन्न क्षमता भएका व्यक्ति तथा समुदायहरु केन्द्रका अधिकारवालाहरु हुन् ।
- **जनजाती** : यस जिल्लामा वसोवास गर्दै आएका गोड, मलाह, धानुक, जस्ता जनजातीहरु ति मध्येहरु पनि जो अति गरिव छन तिनिहरुलाई संस्थाले अधिकारवालाको रुपमाम लिएको छ ।
- **गरीव** : सामाजिक, आर्थिक, राजनीतिक र मानविय हिसावले विपन्न समुदाय हकवालाहरु हुन् । अधिकारबाट बन्चित महिला, दलित, जनाजाती, बालबालिकाहरु तथा लक्षित समुदायहरु ।

**सरोकारवालाहरु**

- राजनितिक पाटीहरु
- सरकारी कार्यालयहरु- महिला विकास कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला प्रशासन कार्यालय, सरकारी वकिलको कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला कृषि कार्यालय, जि.वि.स. गा.वि.स.हरु, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला हुलाक कार्यालय, पशु कार्यालय
- सञ्चारकर्मी
- नागरिक समाज
- मानवअधिकारवादी संस्था तथा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु
- गै.स.स. महासंघ

## ६.स्थानिय अधिकार कार्यक्रम क्षेत्र भित्र समेटिने अधिकारवालाहरूको विवरण

तल दिइएको टेवलले कार्यक्रम संग संलग्नता भएको अधिकारवालाहरुको संख्या थाहा पाउन सकिन्छ ।

| क्र.स. | गाविसको नाम | द्यलित | | | | | अतिसिमान्तकृत आदिवासी जनजाती | | | | | अन्य | | | | | कुल जम्मा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | केटा | केटी | जम्मा | महिला | पुरुष | केटा | केटी | जम्मा | महिला | पुरुष | केटा | केटी | जम्मा | महिला | पुरुष | केटा | केटी | जम्मा |
| १ | **धर्मनगर** | १०२ | १०९ | ६६ | ५४ | **३३१** | २३० | २४७ | १४८ | १२१ | **७४६** | ३९७ | ४०१ | ४१४ | ३१७ | **१५२९** | ७२९ | ७५७ | ६२८ | ४९२ | **२६०६** |
| २ | **तेलकुवाँ** | २३६ | २३१ | १७१ | १३४ | **७७२** | ५९ | ५५ | ४२ | ३३ | **१८९** | ४२१ | ४६५ | ३९७ | ३७७ | **१६६०** | ७१६ | ७५१ | ६१० | ५४४ | **२६२१** |
| ३ | **रौवाही** | १७९ | २१० | १०० | १०१ | **५९०** | १५८ | १८१ | ८७ | ८९ | **५१५** | ३७१ | ३९७ | २०३ | २०७ | **११७८** | ७०८ | ७०८ | ३९० | ३९७ | **२२०३** |
| ४ | **उचिडिह** | १५३ | १६१ | १११ | १०६ | **५३१** | ० | ० | ० | ० | **०** | ३९८ | ४०३ | ३८१ | ३८७ | **१५६९** | ५५१ | ५६४ | ४९२ | ४९३ | **२१००** |
| ५ | **गोलागञ्ज** | ६९ | ७२ | ५५ | ५० | **२४६** | ० | ० | ० | ० | **०** | ४२७ | ४३१ | ४५२ | ४५७ | **१७६७** | ४९६ | ५०३ | ५०७ | ५०७ | **२०१३** |
| | **जम्मा** | **७३९** | **७८३** | **५०३** | **४४५** | **२४७०** | **४४७** | **४८३** | **२७७** | **२४३** | **१४५०** | **२०१४** | **२०९७** | **१८४७** | **१७४५** | **७७०३** | **३२००** | **३२८३** | **२६२७** | **२४३३** | **११५४३** |

**(श्रोत :- ग्रामीण विकास केन्द्रले गरेको सन्दर्भ विश्लेषण २०६९)**

## स्थानिय अधिकार कार्यक्रमबाट लाभान्वित अधिकारवालाहरुको विवरण

| क्र.स. | कार्यक्रमको विस्तृत | दलित | | | | | अतिसिमान्तकृत आदिवासी जनजाती | | | | | अन्य | | | | | कुल जम्म | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | केटा | केटी | जम्मा | पुरुष | महिला | केटा | केटी | जम्मा | पुरुष | महिला | केटा | केटी | जम्मा | पुरुष | महिला | केटा | केटी | जम्मा |
| १ | रिफलेक्ट | ४० | ८५ | ० | ० | १२५ | २२ | ३८ | ० | ० | ६० | ३४ | ८२ | ० | ० | ११६ | ९६ | २०५ | ० | ० | ३०१ |
| २ | वालक्लव | ० | ० | १४८ | ११९ | २६७ | ० | ० | ५७ | ७० | १२७ | ० | ० | १७ | २१ | ३८ | ० | ० | २२२ | २१० | ४३२ |
| ३ | बचत समुह | २४ | १७० | ० | ० | १९४ | १६ | ११ | ० | ० | १२७ | १४५ | ३२२ | ० | ० | ४६७ | १८५ | ६०३ | ० | ० | ७८८ |
| ४ | महिला अधिकार मंच | ० | ५८ | ० | ० | ५८ | ० | २२ | ० | ० | २२ | ० | १० | ० | ० | १० | ० | ९० | ० | ० | ९० |
| ५ | भुमी अधिकार मञ्च | १९ | १४ | ० | ० | ३३ | ५ | १४ | ० | ० | १९ | १९ | २७ | ० | ० | ४६ | ४३ | ५५ | ० | ० | ९८ |
| ६ | तलिम कार्यशाला | ११२ | २३३ | ४६ | २७ | ४१८ | ७७ | १८६ | ६७ | ८९ | ४१९ | ४७ | २२ | २२ | ३२ | १२३ | २३६ | ४४१ | १३५ | १४८ | ९६० |
| ७. | स्पौनसर बच्चा | ० | ० | ८५ | ७९ | १६४ | ० | ० | ८ | १७ | २५ | ० | ० | १०८ | ९६ | २०४ | ० | ० | २०१ | १९२ | ३९३ |
| | कुल जम्म | १९५ | ५६० | २७९ | २२५ | १२५९ | १२० | २७१ | १३२ | १७६ | ७९९ | २४५ | ४६३ | १४७ | १४९ | १००४ | ५६० | १३९४ | ५५८ | ५५० | ३०६२ |

(श्रोत :-फिल्ड रिर्पोट २०१२)

नोट : केटाकेटी भन्नाले १६ वर्ष मुनिका बालवालिकालाई जनाउने छ ।, यो टेबलले सम्पूर्ण अधिकारवालाहरुलाई जनाउने छ ।

६. साझेदारी कार्यक्रम (स्थानिय अधिकार कार्यक्रम) को उदेश्य :

टेवल नं. १

| उदेश्य | लक्षित क्षेत्र | मुख्य कार्यहरु | उपलब्धि /नतिज /टारगेट | सुचक |
|---|---|---|---|---|
| **उद्देश्य १** : <br><br>अधिकारवालाहरुको उत्पादनका श्रोतमाथिको अधिकार स्थापित गर्दै प्रकोप सुरक्षित समुदाय निर्माण गरी जीविकोपार्जनमा सुधार गर्ने । | **लक्षित श्रेत्र १** : <br><br>खाद्य सुरक्षाकोलागि उत्पादनमुलक स्रोतको अधिकार र भुमि तथा कृषि सुधारको प्रस्तावलाई अगाडी बढाउने । | • ऐलानी जग्गा प्राप्तीका लागि भूमि अधिकार अभियान सञ्चालन गर्ने ।<br>• महिलाको संयुक्त तथा एकल लालपूर्जाको अभियान सञ्चालन गर्ने ।<br>• गण्डक जल अधिकारकोलागि कार्य गर्ने । | • सन् २०१५ सम्ममा पाँच गाबिसमा अधिकारवालाहरुको ऐलानी भूमि माथि पहुँच र नियन्त्रणमा वृद्धि हुनेछ ।<br>• सन् २०१५ सम्ममा पाँच गाबिसका २०० जना महिलाहरुको नाममा एकल र संयुक्त लालपूर्जा प्राप्त हुनेछन् ।<br>• सन् २०१५ सम्ममा सबै कार्य क्षेत्रमा समयमा नै किसानहरुले गण्डक नहरबाट सिचाईका लागि सहजै पानी प्राप्त गरी कृषि उत्पादनमा ५० प्रतिशत बृद्धि भएको हुनेछ । | • ऐलानी जग्गाको लालपुर्जा पाउने अधिकारवालाको संख्या ।<br>• महिलाको नाममा ललापूर्जा हुनेहरुको संख्या ।<br>• अधिकारवाला किसानहरुको कृषि उत्पालनमा बृद्धि भई जिविकोपार्जनमा सुधार हुनेको संख्या । |
| | **लक्षित श्रेत्र २** : <br><br>दिगो कृषि, गरिब मुखि जीविकोपार्जन र अर्थिक विकल्पहरुलाई प्रबर्धन गर्ने । | • सामूहिक प्राङ्गारिक तरकारी खेती प्रर्वद्धन गर्ने ।<br>• सामान तथा न्यायोचित ज्यालाका लागि अभियान संचालन गर्ने ।<br>• सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै अधिकारवालालाई आयआर्जनको लागि सिपमुलक तालिम प्रदान गर्ने ।<br>• महिला समुहहरु लाई सहकारीमा परिणत गर्ने । | • सन् २०१५ सम्ममा पाँच गाबिसका १२५ अधिकारवाला हरुको पाँच समुह हरुले सामुहिक प्राङ्गारिक तरकारी खेती सुरुवात गर्नेछन् ।<br>• सामान कामको सामान तथा न्यायोचित ज्यालाको वितरण भएको हुनेछ ।<br>• सन् २०१५ सम्ममा जिल्लाका सम्बन्धित सरोकारवाला निकायहरुको सहयोगमा ४० जना अधिकारवालाहरु लाई सिपमूलक व्यवसायिक तालिम प्राप्त पछि जीविकोपार्जनमा सुधार भएको हुनेछ ।<br>• सन् २०१५ सम्ममा समुदायका २८ बचत समुहहरुलाई १ ठाउँमा राखी गाविस स्तरीय ५ वटा सहकारी दर्ता गरी महिलाहरु आर्थिक रुपले सशक्त भएको हुनेछ । | • अधिकारवालाहरु सामुहिक प्राङ्गारिक तरकारी खेती गर्नेको संख्या ।<br>• महिला रु पुरुष दुवैलाई सोही काम बापत सामान ज्याला ।<br>• अधिकारवालाहरुले सिपमूलक व्यवसायिक तालिम प्राप्त भएपछि जीविकोपार्जनमा सुधार भएको संख्या ।<br>•<br>• सहकारीमा दर्ता भएको संख्या । |

| | | | | |
|---|---|---|---|---|
| | **लक्षित श्रेत्र ३ :**<br><br>जलवायु परिवर्त र प्रकोप जोखिमलाई न्यूनिकरण गरि अनुकुलन जीविकोपार्जनलाई प्रवर्द्धन गर्ने । | ● प्रकोप जोखीम न्यूनिकरण तथा व्यवस्थापन गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने, (क्षमता विकास, तालिम, जनचेतनामूलक कार्यक्रम, अर्न्तक्रिया)<br>● सहभागितामूलक संकटाभिमुख विश्लेषण गर्ने । | ● समुदायका १२५ जना अधिकारवालाहरुले आगलागी र शितलहर प्रकोप जोखिम न्यूनिकरणबारे जानकारी हासिल गर्नेछन् ।<br>● समुदायका १० वटा विधालयमा PVA गरी त्यसका लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयनका लागि सक्षम हुनेछ । | ● समुदायमा प्रकोप न्यूनिकरण वारे ज्ञान भएका अधिकारवालाहरुको संख्या । |
| <u>**उद्देश्य २ :**</u><br><br>सेवा प्रदायकलाई जवाफदेही बनाउन, राष्ट्रिय विकास रणनितिका लागि विकल्पको विकास गर्न र लोकतन्त्रलाई मजबुत बनाउन गरिब तथा सिमान्तकृतहरुको राजनैतिक विकासमा सहजीकरण गर्ने । | **लक्षित श्रेत्र १ :**<br><br>निर्णय निर्माणको हरेक तहमा गरिब तथा सिमान्तकृतहरुको प्रतिनिधित्व र सहभागिता अभिवृद्धि गर्ने । | ● स्थानीय स्तरका विद्यालय, उपभोक्ता समिति, गाविस स्तरमा हुने योजना तर्जुमाका सम्पूर्ण चरणहरुमा / कार्यक्रमहरु, महिला तथा दलित, जनजातिहरूको सहभागिता सुनिश्चिता बढाउने कार्य गर्ने ।<br>● अधिकारवालाहरुलाई विभिन्न सामुदायिक समितिहरुको निर्णयक तहमा पुऱ्याउने । | ● सन् २०१५ सम्ममा विद्यालय व्यवस्थापन समिति, उपभोक्ता समिति योजना तर्जुमाको चरणमा महिला, दलित जनजातीहरुको प्रतिनिधित्वमा वृद्धि भएको हुनेछ । | ● महिला, दलित जनजातिहरुको सहभागिता सुनिश्चितता भएको हुनेछ ।<br>● निर्णय प्रकृयामा पहुँच पुगेको संख्या । |
| | **लक्षित श्रेत्र २ :**<br><br>समतामूलक र गुणस्तरीय आधारभूत सेवाको लागि सेवा प्रदायकलाई जवाफदेही बनाउन | ● स्थानीय स्तरमा आउने लक्षित वर्गका सरकारी कार्यक्रम र बजेटहरूमा अधिकारवालाहरुको लागि लक्षित कार्यक्रम गर्न पहुँच बढाउने अभियानका कार्यक्रमहरू गर्ने ।<br>● शुसासन र जवाफदेहिताको लागि स्थानीय सरोकारवालाहरूलाई जवाफदेही बनाउन अभियानका कार्यक्रमहरू गर्ने, (सार्वजनिक सुनुवाई सामाजिक लेखाजोखा, कार्यक्रमको अनुगमन मुल्याङ्कन, ) | ● स्थानीय स्तरमा सरकारी कार्यक्रम र बजेटहरूमा ५० जना अधिकारवालाहरूको पहुँच भएको हुनेछ<br>● जवाफदेहिताका लागि ५ गाविसले अनिवार्य रुपमा सार्वजनिक लेखा परिक्षण गरिरहेका हुनेछन् । | ● लक्षित क्षेत्रमा बजेटको विनियोजन<br><br>● सामाजिक परिक्षण, लेखापरिक्षण, सार्वजनिक सुनुवाई गरेको संस्थाको संख्या । |

| | | | | |
|---|---|---|---|---|
| | **लक्षित श्रेत्र ३ :** राष्ट्रिय विकास रणनितिका लागि बहस र नितिगत विकल्पहरुको प्रवर्द्धन गर्ने | ● महिला अधिकार मंच, भूमि अधिकार मंच, दलित अधिकार मंच, बाल समूह, एकल महिला समूहको अधिकारको विषयमा स्थानीय स्तरवाट जिल्ला हुँदै समन्वय गर्दै, राष्ट्रिय स्तरसम्म सञ्जालहरूको विकास र विस्तार गरी दाईजो, बालविवाह र बोक्सी अपराध विरुद्ध अभियान संचालन गर्ने । | ● भूमि अधिकार मंच, महिला अधिकार मंच, दलित अधिकार मंचका २० वटा संगठनहरु राष्ट्रिय मञ्चहरुमा आवद्धता केन्द्रिय स्तरमा निर्माण हुने नीतिहरुलाई सहयोग हुने अभियानहरुमा एक बद्ध भई निरन्तर रुपमा सञ्चालन भइरहेको हुनेछ । | ● राष्ट्रिय स्तरका सञ्जालहरुमा सहभागि हुनेहरुको संख्या ।<br>● राष्ट्रिय स्तरका कार्यशालामा संलग्न हुनेहरुको संख्या ।<br>● बालविवाहबाट जोगिनेहरुको संख्या, दाईजो नलिनेको संख्या, बोक्सी सम्बन्धि मुद्धाहरु अदालतमा दर्ता हुनेको संख्या तथा न्याय पाउनेहरुको संख्या |
| **उदेश्य ३:** महिलाको शरीर, यौनिकता माथी र असमान कामको बोझ द्वारा हुने सबै प्रकारका विभेद र अन्याय विरुद्ध खडा हुनलाई महिला र बालिकाहरुको सक्रिय संगठन निर्माण र विस्तार गर्दै उनीहरुसंग संलग्न भई संयुक्तरुपमा कार्य गर्ने । | **लक्षित श्रेत्र १ :** लैङ्गिकतामा आधारित विभेद र हिंसा विरुद्ध लड्न महिलासंग तथा पुरुष संलग्न रहेर कार्य गर्ने । | ● पीडित महिलालाई कानूनी उपचारका लाीग सहयोग गर्ने ।<br>● महिलाको यौनिकता र प्रजनन अधिकारको बारेमा क्षमता अभिबृद्धि गर्ने ।<br>● बाल विवाह र दाईजो अपराध विरुद्धमा अभियान संचालन गर्ने । | ● पीडित महिलाहरुले कानूनी उपचार पाएका हुनेछ ।<br>● ५ वटा गाविसका ५० जना अभियानकर्मी महिलाहरु यौनिकता र प्रजनन अधिकारबारे सचेत भई वकालत गर्न थाल्नेछन् ।<br>● ५ वटा गाविसमा बाल विवाहमा कमी आउनेछ । | ● कानुनी उपचार पाएका महिलाहरुको संख्या ।<br>● अभियानकमी महिलाहरुको संख्या ।<br>● बाल विवाह रोकिएको संख्या र घटना अध्ययन । |
| | **लक्षित श्रेत्र २ :** असमान वेतलवी सेवामुलक कार्यको वोझलाई सम्मान, पहिचान गर्ने, घटाउने र पुनरवितरण गर्ने | ● महिलाको वेतलवी सेवामूलक कामको पहिचान गर्न समय कार्डको प्रयोग गर्ने । | ● कार्यक्षेत्रहरुका १२५ जोडीमा समय कार्ड प्रयोग गरी बेतलवी सेवा मूलक कार्यको पहिचान भई बेतलबी सेवामूलक कार्य पुनरवितरण गरेको हुनेछ । | ● नमूनाको रुपमा स्थापित भएको जोडीका संख्या, घटना अध्ययन । |
| | **लक्षित श्रेत्र ३ :** महिलाहरुको संगठन बढाउनका लागि सीमान्तकृत महिलाहरुको सञ्जाललाई सुदृढीकरण तथा प्रोत्साहन गर्ने । | ● महिला अधिकार मञ्चको संस्थागत क्षमता अभिवृद्धि गर्दै त्यसलाई निरन्तरता दिने, प्रोत्साहन गर्दै सम्मान गर्ने । | ● जिल्ला स्तर तथा गाविस स्तरमा महिला अधिकार मञ्चका ६ वटा संगठनहरुमा ५० जना महिला अधिकार अगुवा निर्माण भएको हुनेछ ।<br>● आफै कार्यालयको सञ्चालन तथा ब्यवस्थापन गर्न सक्षम भई १२५ जना महिलाहरुका ५वटा संगठन सशक्त भएका हुनेछन् । | ● महिला अधिकार तथा क्षमता विकास सम्वन्धि तालिम लिई सशक्त हुनेको संख्या र घटना अध्ययन । |

| | | | | |
|---|---|---|---|---|
| **उद्देश्य ४ :**<br><br>सबै बालबालिकाहरुको सुरक्षित तथा समतामूलक वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने । | **लक्षित श्रेत्र १ :**<br><br>निःशुल्क र आधारभूत गुणस्तरीय शिक्षाको मुद्दालाई अधि बढाउने । | ● विद्यालय शिक्षाका १० अधिकारलाई सुनिश्चित गर्नको लागि अधिकारवाला र सरोकारवालाहरू लाई सुशुचित गर्ने ।<br>● बालबालिकाहरूको नेतृत्व, सिप र क्षमताको विकास गर्ने, शिक्षाअधिकार सुनिश्चितताको लागि बाल क्लवको परिचालन गरी बिद्यालय भर्ना अभियान, विधालय निरन्तरतामा बृद्धि अभियान , गुणस्तरीय साथै निःशुल्क शिक्षाको लागी अभियान गर्ने । | ● सन २०१५ सम्ममा बिद्यालय शिक्षाका १० अधिकारको बिषयमा जानकारी पाई ५ बिद्यालयमा सोही अनुसारको वातावरणको विकास भई नमुना बिधयालय भएको हुनेछ ।<br>● १५ वटा बाल क्लबहरु सक्रिय परिचालन भई बाल अधिकार तथा शिक्षा अधिकारका लागि आवाज उठाउन सक्षम हुनेछ । | ● विधालयका दश अधिकार पुरा गरेका नमुना बिद्यालयको संख्या ।<br><br>● बाल अधिकार सम्बन्धि वकालत गर्नेको संख्या । |
| | **लक्षित श्रेत्र २ :**<br><br>विद्यालयमा आधारित संकट सामना र सुरक्षा प्रवर्द्धन गर्ने । | ● प्रकोप व्यवस्थापनलाई (भुकम्पीय जोखिम) केन्द्र विन्दुमा राखेर कार्यक्रमहरु तयारी गर्न क्षमता अभिबृद्धि गर्ने । | ● कार्यक्षेत्रका ५ वटा विद्यालयले प्रकोप व्यवस्थापन सम्बन्धि कार्ययोजना तयार गरि कार्यान्वयन गरेका हुनेछन् । | ● प्रकोप व्यवस्थापन कार्यायोजना निर्माण गरेका विधालयको संख्या । |
| | **लक्षित श्रेत्र ३ :**<br><br>रिफ्लेक्ट तथा जनमुखी शिक्षालाई प्रौढ साक्षरता अभिवृद्धि, सशक्तीकरण र लोकतान्त्रीकरणका निम्ति प्रवर्द्धन गर्ने । | ● जनमुखी कक्षा मार्फत समुदाय तहमा लेख पढ गर्न नजान्नेहरूलाई पनि साक्षर बनाई सामान्य लेखपढ गर्न जान्ने बनाउन ।<br>● रिफ्लेक्ट केन्द्रको माध्यमबाट भूमिअधिकार र महिला अधिकार, शिक्षा र स्वास्थ्य अधिकार, बाल अधिकारका अभियानहरू सञ्चालन गर्ने ।<br>● नागरीक शिक्षाको बिषयमा सचेतीकरण गर्ने । | ● ५ वटा रिफ्लेक्ट केन्द्रका १२५ जनाले साधारण लेखपढ गर्न जान्नेछन् ।<br><br>● जनमुखी शिक्षाको माध्यमबाट महिला अधिकार, भूमिअधिकार, शिक्षा अधिकार तथा बालअधिकारका विषयमा अभियान सञ्चालन भएको हुनेछ, ।<br>● ५ वटा गाविसका ५० जना अमियानकर्मी तयार भई सचेतना र वकालत सुरु गर्ने छन् । | ● साक्षर भएका सहभागीहरुको संख्या ।<br><br>● सञ्चालित अभियानको संख्या ।<br><br>● नागरिक शिक्षाको बिषयमा जानकारी पाउनेहरुको संख्या र घटना अध्यन । |

टेवल नं. २

| उदेश्य | लक्षित क्षेत्र | सुचक | बेसलाईन | बार्षिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बर्ष २०१२ | बर्ष २०१३ | बर्ष २०१४ | बर्ष २०१५ | जम्मा |
| **उद्देश्य १ :** अधिकारवालाहरुको उत्पादनका श्रोतमाथिको अधिकार स्थापित गर्दै प्रकोप सुरक्षित समुदाय निर्माण गरी जीविकोपार्जनमा सुधार गर्ने । | **लक्षित श्रेत्र १ :** खाद्य सुरक्षाकोलागि उत्पादनमुलक स्रोतको अधिकार र भुमि तथा कृषि सुधारको प्रस्तावलाई अगाडी बढाउने । | • ऐलानी जग्गाको लालपुर्जा पाउने अधिकारवालाको संख्या । | ० | ० | ८० | ५० | ३० | १६० |
| | | • महिलाको नाममा ललापूर्जा हुनेहरुको संख्या । | २७० | १५ | ५० | १०० | ३५ | ४७० |
| | | • अधिकारवाला किसानहरुको कृषि उत्पालनमा बृद्धि भई जिविकोपार्जनमा सुधार हुनेको संख्या । | १०% | ० | २०% | २०% | १० % | ५०% |
| | **लक्षित श्रेत्र २ :** दिगो कृषि, गरिब मुखि जीविकोपार्जन र अर्थिक विकल्पहरुलाई प्रबर्धन गर्ने । | • अधिकारवालाहरु सामुहिक प्राङ्गारिक तरकारी खेती गर्नेको संख्या । | ० | ० | २५ | ५० | ५० | १२५ |
| | | • अधिकारवालाहरुले सिपमूलक व्यवसायिक तालिम प्राप्त भएपछि जीविकोपार्जनमा सुधार भएको संख्या । | ० | ० | २० | २० | ० | ४० |
| | | • सहकारीमा दर्ता भएको संख्या । | ० | ० | २ | २ | १ | ५ |
| | **लक्षित श्रेत्र ३ :** जलवायु परिवर्त र प्रकोप जोखिम लाई न्यूनिकरण गरि अनुकुलन जीविकोपार्जलाई प्रवर्धन गर्ने । | • समुदायमा प्रकोप न्यूनिकरणक वारे ज्ञान भएका अधिकारवालाहरुको संख्या । | २५ | २५ | २५ | २५ | २५ | १२५ |
| **उद्देश्य २ :** सेवा प्रदायकलाई जवाफदेही बनाउन, राष्ट्रिय विकास रणनितिका लागि विकल्पको विकास गर्न र लोकतन्त्रलाई मजबुत बनाउन गरिब तथा सिमान्तकृतहरुको | **लक्षित श्रेत्र १ :** निर्णय निर्माणको हरेक तहमा गरिब तथा सिमान्तकृतहरुको प्रतिनिधित्व र सहभागिता अभिवृद्धि गर्ने । | • स्थानीय निकायमा प्रतिनिधित्व भएका अधिकारवालाहरुको संख्या | ११ | ५ | १५ | १५ | ४ | ५० |
| | **लक्षित श्रेत्र २ :** समतामूलक र गुणस्तरीय आधारभूत सेवाको लागि सेवा प्रदायकलाई जवाफदेही बनाउन | • लक्षित क्षेत्रमा बजेटको विनियोजन | ० | १० | १५ | १५ | १० | ५० |
| | | • सामाजिक परिक्षण, लेखापरिक्षण, सार्वजनिक सुनुवाई गर्ने गा.वि.स.को संख्या । | ० | ० | १ | २ | २ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| राजनैतिक विकासमा सहजिकरण गर्ने । | | ● राष्ट्रिय स्तरका अभियानहरुमा संलग्न नेहरुको संख्या । | ५ | ० | ५ | ५ | ५ | २० |
| **उदेश्य ३:** महिलाको शरीर, यौनिकता माथी र असमान कामको बोझ द्धारा हुने सबै प्रकारका विभेद र अन्याय विरुद्ध खडा हुनलाई महिला र बालिकाहरुको सक्रिय संगठन निर्माण र विस्तार गर्दै उनिहरुसंग संलग्न भई संयुक्त रुपमा कार्य गर्ने । | **लक्षित श्रेत्र १ :** लैङ्गिकतामा आधारित विभेद र हिंसा विरुद्ध लड्न महिलासंग तथा पुरुषसंलग्न रहेर कार्य गर्ने | ● हिसां विरुद्धको अभियानहरुको संख्या । | ६ | ३ | ३ | ६ | २ | २० |
| | | ● कानुनी उपचार पाएका महिलाको संख्या । | २० | ० | ६ | ८ | ६ | २० |
| | | ● बाल विवाह रोकिएको संख्या र घटना अध्ययन । | २० | ५ | ५ | ५ | ५ | ४० |
| | **लक्षित श्रेत्र २ :** असमान वेतलवी सेवामुलक कार्यको वोझलाई सम्मान, पहिचान गर्ने, घटाउने र पुनरवितरण गर्ने | ● नमूनाको रुपमा स्थापित भएको जोडीका संख्या, घटना अध्ययन । | १० | ० | १२५ | ० | ० | १२५ |
| | **लक्षित श्रेत्र ३ :** महिलाहरुको संगठन बढाउनका लागि सीमान्तकृत महिलाहरुको सञ्जाललाई सुदिढिकरण तथा प्रोत्साहन गर्ने । | ● महिला अधिकार तथा क्षमता विकास सम्वन्धि तालिम लिई सशक्त हुनेको संख्या र घटना अध्ययन । | २५ | ० | २५ | २५ | ० | ५० |
| **उद्देश्य ४ :** सबै बालबालिकाहरुको सुरक्षित तथा समतामूलक वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने । | **लक्षित श्रेत्र १ :** निःशुल्क र आधारभूत गुणस्तरीय शिक्षाको मुद्दालाई अधि बढाउने । | ● विधालयका दश अधिकार पुरा गरेका नमुना बिद्यालयको संख्या । | ० | ० | ० | २ | ३ | ५ |
| | | ● गुणस्तरिय शिक्षा नि :शुल्क भएको विद्यालयहरुको संख्या । | ५ | २ | ३ | ५ | ७ | १७ |
| | | ● बाल अधिकार सम्बन्धि वकालत गर्न सक्षम भएका बालबालिकाको संख्या । | १५ | ० | ३ | ५ | ७ | १७ |
| | **लक्षित श्रेत्र २ :** विद्यालयमा आधारित संकट सामना र सुरक्षा प्रवर्द्धन गर्ने । | ● प्रकोप व्यवस्थापन सम्बन्धि कार्ययोजना बनाएको विधालयको संख्या । | ० | ० | १ | २ | २ | ५ |
| | **लक्षित श्रेत्र ३ :** रिफ्लेक्ट तथा जनमुखी शिक्षालाई प्रौढ साक्षरता अभिवृद्धि, सशक्तीकरण र लोकतान्त्रीकरणका निम्ति प्रवर्द्धन गर्ने । | ● साक्षर भएका हरुको संख्या । | १२५ | १२५ | ० | ० | ० | २५० |
| | | ● सञ्चालित अभियानको संख्या । | ५ | ५ | ५ | ५ | ५ | २० |
| | | ● नागरिक शिक्षाको बिषयमा जानकारी पााउनेहरुको संख्या र घटना अध्यन । | १२५ | ० | २५ | २५ | ० | ५० |

( **श्रोत : फिल्ड सर्वेक्षण २०१२** )

**७. कार्यक्रम संचालन रणनिती -**

**७.१ सशक्तिकरण, एक्यबद्धत्ता, अभियान**

मानव अधिकारमुखी पद्धति सामाजिक रुपान्तरण तथा दिगो विकासको पछिल्लो दृष्टीकोण हो । मानव अधिकारको उलङ्घन, हनन् र अस्वीकारोक्तिको कारणले समाजका बहुसँख्यक मानिस गरिवीको चक्रमा बाँच्न बाध्य छन् । यसले सवै मानव जातिको आत्मसम्मान पूर्वक जीवन यापन गर्न गराउन नैतिक तथा कानुनीरुपमा अधिकारको उपभोग गर्न पाउनुपर्छ भन्ने कुराको वकालत गर्दछ । मुलतः असमान तथा अन्यायपूर्ण शक्ति सम्बन्धको कारणले समाजका केही मानिसहरु शक्तिशाली र धनी छन् भने बहुसंख्यक खास गरि महिला, दलित, अतिसिमान्तकृत आदीवासी जानजाती, मधेसी, भुमिहिन, पिछडावर्ग आदि समुदायहरु गरिबी, अन्याय र उत्पीडनमा परेका छन् । यसको मुल संरचनात्मक कारणहरु जस्तैः पितृसत्ता, सामाजिक बहिष्करण, अन्यायपूर्ण शासन व्यवस्था र नवउदारवादको साथ साथै प्राकृतिक प्रकोप आदि जस्ता कारकतत्वहरुले गरिबीलाई बढावा दिईरहेको छ । यी संरचनात्मक कारणहरुलाई परिवर्तन गर्नको लागि स्थानिय अधिकार कार्यक्रमले तिन आधारभुत कार्यक्रमिक श्रेत्रलाई अगाडी सारिएका छन् ।

**सशक्तिकरण (Empowerment)** - मानव अधिकारमुखी दृष्टीकोणवाट गरिव तथा अन्यायमा परेका मानिसहरुलाई आफ्नो अधिकारको वारेमा शसक्तिकरण गराउनु यसको मुल उदेश्य हो । अधिकारवालाहरुको समग्र सवलिकरण तथा शक्तिकरण गर्न गराउन उनीहरुलाई आफ्नो अधिकारको वारेमा जागरण गर्दै अधिकार प्रति सचेत बनाउदै विद्यमान सामाजिक शक्ति सम्बन्धलाई चुनौती दिनको लागि संगठन निर्माण, विस्तार गरि उनीहरुलाई समग्र मुद्धाहरुमा व्यापक जनपरिचालन गर्छन् । यसको साथ साथै अधिकारवालाहरुको दैनिक जीविकोपार्जनकोलागि आधारभुत आवश्यकतालाई आधारभुत अधिकारको रुपमा सम्बोधन गर्छ । अधिकारको आन्दोलनमा स्थापित परम्परागत समाजिक संरचनालाई सामाजिक न्यायको दृष्टीकोणवाट फेर्न जसको सवाल उसैको अगुवाईमा आफ्नो सवाल तथा मुद्धाप्रतिको प्रतिबद्ध आधिकारवालहरुको संगठन निर्माण गर्नु पनि हो ।

**अभियान (Campaign):** मानव अधिकारमुखि पद्धतिको दोस्रो कार्यश्रेत्र अभियान हो । यसले गरिबमुखि नीति नियम निर्माण, भएका नीति नियमलाई प्रभावकारी कार्यान्वयन, संसोधन, सुधारको लागि स्थानिय अधिकार कार्यक्रमको माध्यमवाट सुसुचित वकालत, अभियानको माध्यमवाट नीतिगत परिवर्तन गर्नु यसको मुख्य उदेश्य हो । अभियानको माध्यमवाट सेवा प्रदायकहरुलाई गरिव तथा पछाडि पारिएको समुदाय तथा वर्गको हितमा बढी भन्दा बढी उत्तरदायी बनाउन उनीहरुको अगुवाईमा अभियान संचालन गर्छ । यस भित्र केही कुरालाई नियाल्नु पर्ने कुराहरु जस्तै : वकालत, अभियान, सार्वजनिक नीतिहरुको अनुगमन मुल्यांकन तथा अभिलेखीकरण, बजेटको प्रभावकारी कार्यान्वयन कसरी गर्छ भन्ने कुरा वुझाउँछ ।

**ऐक्यवद्धता (Solidarity):** मानव अधिकारमुखि कार्यक्रमको तेस्रो पक्ष ऐक्यावद्धता हो । ऐकयवद्धताले अधिकारवालाहरुको अधिकारको आन्दोलनमा शक्ति विस्तार, मुद्धा प्रतिको जनमत निर्माण गरी अधिकार सुनिश्चीत गर्नकोलागि राज्य तथा गैर राज्यलाई कानूनी तथा नैतिक दवाव सृजना गर्छ । यसले विभिन्न संगठन, संजाल, नागरिक समाज आदि संग हातेमालो गरी परिवर्तनको लागि एकढिक्का भएर काम गनुपर्ने पर्ने कुरालाई इंगित गराउंदछ । ऐक्यवद्धता यस्तो शक्ति हो जसले सामाजिक न्यायको दृष्टिकोणबाट समग्र परिवर्तनलाई दिशानिर्देश गर्छ । यसको आधारमा राज्य तथा सरकारलाई गरिव तथा पछाडि पारिएका पक्षमा बढी भन्दा बढी उत्तदायी बनाउन सहयोग गर्छ ।

**७.२ मानवअधिकारमुखि पद्धत्ति र जवावदेहिता, सिकाई तथा योजना प्रणाली**

पारदर्शिता र जवावदेहितालाई सुनिश्चित गर्न संस्थाले सहभागितामूलक चिन्तन मनन प्रकृया तथा सामाजिक लेखापरिक्षणलाई अभियानको रुपमा अगाडि लैजने छ । संस्थाले आफ्नो कार्यक्रम, कार्ययोजना तर्जूमा गर्दाको समयदेखि नै अधिकारवाला र सरोकारवालाहरुका बीचमा सहभागितामुलक ढंगबाट छलफल गरिनेछ । कार्ययोजना प्रक्रियागत रुपमा पास भए पछि पुनः बोर्डमा र समूदायमा जानकारी गराईनेछ । समुदाय स्तरको योजना निर्माण प्रकृयालाई सहभागिमूलक र प्रभावकारी बनाउनका साथै बार्षिक वुलेटिन पनि प्रकाशित गरिने छ । कार्यक्रमको विवरण बजेट सहित जि.वि.स.को परिषद तथा गाविसको वार्षिक कार्यक्रममा पनि उपलब्ध गराइने छ । प्रायोजित वालवालिकाका अभिभावकहरुको अभिमुखिकरण गर्ने कामलाइ निरन्तर रुपमा अगाडि बढाइने छ । सेवाप्रदायक निकायहरुलाई बढी जवाफदेही बनाउन नागरिक प्रतिवेदन, बजेट विश्लेषण आदि विधिलाई कार्यक्रममा समेटिने छ । गा.बि.स.बाट बिनियोजीत बजेट बाट सम्पन्न

भएका क्रियाकलापहरुको बारेमा समुदायलाई सचेत बनाई त्यसको अवलोकन र सम्पन्न न भएको कामको खोजी निती गर्ने अभियान सञ्चालन गरिने छ ।

यस कार्यक्रमले महिला अधिकारलाई केन्द्रमा राखेर काम गर्नेछ । महिला सञ्जालको क्षमता बिकास, कानुनी सचेतना तालीम, प्रस्तावना तथा प्रतिवेदन लेखन तालीम जस्ता कुराहरुलाई प्राथमिकतामा राखिने छ । स्थानीय निकायमा महिलाको सहभागीतामा बृद्धि र महिला सम्बन्धि बनेका बिद्यमान निती नियमको अवशरको पुर्ण रुपमा कर्यान्वयन गर्न पैरवी गर्ने, महिला र पुरुषको नाममा संयुक्त लालपुर्जा लिनको लागी सचेतीकरण र महिला हिंसामुक्त क्षेत्र घोषणा गर्ने जस्ता कुराहरुलाइ ध्यान दिइ काम गरिने छ । त्यसैगरी बेतलबी सेवामूलक कार्यको विषयमा कार्यक्रम सन्चालन गर्नुका साथै महिलाहरुको आफनो शरिर माथिको अधिकारको विषयमा पनि कार्यक्रम सन्चालन गरिने छ । गरिबी तथा अन्य कारक तत्वको पहिचान गरी महिला माथि हुने विभद र शोषण अन्त्यका लागि आम सचेतिकारण, शसिक्तिकरण र नीतिगत पैरवीका लागि अधिकार कर्मिलाई तयार पार्ने काम गरिने छ र महिला र पुरुषको बीचम शक्ति सम्बन्ध र अन्तर सम्बन्धमाथि अन्तरक्रिया, सचेतिकारण गरिने छ ।

शक्तिको बिश्लेषण गर्ने क्रममा राष्ट्रिय र सामाजिक संरचनाको पनि बिशलेषण गरीन्छ । सामाजिक संरचना भित्र जेण्डर बिश्लेषण गरिन्छ र जसमा अधिकारवालाहरुले आफ्नो अधिकार प्राप्त गर्नका लागी बिद्यमान गलत सामाजिक संरचना तोड्नको लागी अधिकारवालाहरुलाई सचेत गराईने छ । शक्ति बिश्लेशण समुदायको रिफ्लेक्ट केन्द्रमा स्थानीय श्रोत र त्यसको नियन्त्रण, जेण्डर बिश्लेषण गर्ने क्रममा सहभागीतामुलक बिधीबाट गरिने छ । जसबाट समुदायको स्थानीय श्रोतहरु के के छन ? त्यसमा कसको पंहुच र नियन्त्रण छ भन्ने कुराको पहिचान गरी अधिकारवालाहरुको पक्षमा ल्याउनको लागि पहल गरिने छ । आफु भित्रको अर्न्तनिहीत शक्ति, मित्र शक्ति र बिरोधी शक्तिको बिश्लेषण गरी सोही अनुसार रणनीती बनाई मित्रवत शक्तिहरुलाई एकजुट पार्न समुह र सञ्जाल निर्माण गरिने छ ।

समुदाय स्तरका सम्पुर्ण निकायहरु जस्तै गा.बि.स., जि.बि.स., बिद्यालय, उपस्वास्थ्य चौकी, सामुदायीक वन र बिभिन्न उपभेक्ता समितीहरुमा महिला, दलित, आदिबाशी जनजातीको समानुपातीक सहभागीताको लागी पैरवी गर्ने, स्थानीय विकास योजना निर्माणको लागि समुदाय स्तरमा सघन अभ्यास गर्ने, गरिबीको विषयमा आलोचनात्मक विश्लेषण गर्न जनमुखि शिक्षालाई प्रभावकारी रुपमा संचालन गर्ने, जनसंगठनहरुलाई क्षमता अभिवृद्धि तथा संजालीकरणमा जोड दिने, स्थानीय संघर्षलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जोडन बिभिन्न खालका सञ्जालहरुमा स्थानीय समुह सञ्जाललाई आबद्ध गराउने, बिद्धमान समुदाय स्तरका महिला समुह सञ्जाललाई जिल्ला स्तरीय सञ्जालमा आबद्ध गराउने र महिला सम्बन्धि राष्ट्रिय अभियानहरुमा आबद्ध गराइने छ ।

संस्थागत लक्ष्य अनुरुप कार्यक्रमलाई वार्षिक रुपमा योजनागत तह र बजेटको तालमेल मिलाईने छ जसका लागि वार्षिक तथा दीर्घकालिन योजना तर्जुमा गर्दा समूदायको सबै अधिकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा विस्तृत रुपमा गर्ने, उपलब्ध साधन र स्रोतको आधारमा कार्ययोजना तर्जूमा गरिने छ र सिकाईका कुराहरुलाई विभिन्न छलफल, सफलताका कथा र प्रतिवेदनका माध्यमबाट बाहिर ल्याइने छ ।

गरीव तथा पछाडि पारिएका वर्गहरुलाई केन्द्रमा राखिन छ र उनीहरुको अधिकार बारे सचेतना गरिने छ । संरचनागत परिवर्तनका लागि हाम्र कामहरुलाई विभिन्न तहहरुमा जोडेर लगिनेछ ताकि अधिकारहरुलाई अधिकारवालाहरुको पक्षमा स्थापित गर्न सकियोस् । जहिले पनि समस्याको समाधान सहितको विकल्पहस्को प्रवर्धन गर्ने हाम्रो प्रयाश रहनेछ ।

## ८. अनुगमन तथा मूल्याङ्कन प्रणाली

अनुगमन मुल्याङ्कन प्रणालीले कार्यक्रमको दिशा, प्रभावकारीता र उपलब्धीहरुलाई सुनिश्चित गर्ने आधार तय गर्दछ । यो नियमित प्रकृयाको रुपमा साथै निश्चित समय अवधिमा गहिरो विश्लेषण गरी तय गरिएको कार्यक्रम माथिको उपलब्धी, नतिजा र प्रभावको आंकलन र सिकाईलाई प्रष्ट पार्दछ । साथै आगामी दिनमा अपनाउनु पर्ने रणनीतिको दिशानिर्देश गर्दछ ।

**यस कार्यक्रमको लागि निम्न प्रकारको अनुगमन मुल्याङ्कनको ढाँचा तय गरिएको छ ।**

| सि नं | क्रियाकलापको विवरण | कहिले, कहाँ | कसरी | कैफियत |
|---|---|---|---|---|
| १ | समुदायस्तरको सहभागीमूलक चिन्तन मनन | समुदायमा प्रत्येक क्रियाकलाप भइसके पछि | समवन्धित समुदाय परिचालक र समुदाय प्रतिनिधी | |
| १ | गाविस स्तरिय सहभागीमूलक चिन्तन मनन प्रकृया | प्रत्येक ६, ६ महिनामा जुन र डिसेम्बर | समुदाय प्रतिनिधी, कार्यक्रम संयोजक र अन्य कर्मचारी | अधिकारवालाको भनाई तथा परिवर्तनका कथाहरु संकलन र दास्तवेजीकरण |
| ३ | एक्सनएड श्रोतकेन्द्र कार्यक्रम टिमसंग आमनेसामने वैठक | कम्तीमा ३ महिनामा एकपटक | त्रैमासीक कार्यक्रम अनुसार चिन्तनमनन गर्ने । | संख्यात्मक र गुणात्मक सुचना लिने । |
| ४ | श्रोतकेन्द्र स्तरीय सहभागीमुलक चिन्तनमनन कार्यक्रम जसमा सूचक र बेसलाइनका अधारमा गरिने अनुगमन र मूल्यांकन | प्रत्येक ६, ६ महिनामा जुन र डिसेम्बर | सहमत गरिएको ढाँचा अनुसारको प्रतिवेदन तयारी र प्रस्तुती । | बार्षिक योजना अनुसार विगत ६ महिनाको चिन्तनमनन प्रकृया |
| ५ | द्धिपक्षिय साझेदारी व्यवस्थापन वैठक | कमसेकम वर्षमा एक पटक | एक्सनएडका सम्बन्धित कार्यक्रम अधिकृत, स्रोतकेन्द्र संयोजक र बित्त अधिकृत र साझेदार संस्थाका प्रतिनिधि<br><br>कार्यकारी समितिका प्रतिनिधि र कार्यक्रम संयोजक र कार्यक्रमको टिम बसी<br><br>पूर्ब सहमतिको एजेन्डा तयार गरी छलफल गने | अनिवार्य रुपमा निर्णयहरुको अभिलेखिकरण गरी आदान प्रदान गर्ने |
| ६ | बार्षिक प्रतिवेदनको निर्माण | प्रत्येक बर्षको जनवरी फव्रुअरी भित्रमा | साझेदार संस्थाले एक बर्षभरी गरेका क्रियाकलाप बाट प्रष्ट उपलब्धी र सिकाई लाई एकै ठाउंमा दस्ताबेजीकरण गर्ने<br><br>बार्षिक प्रतिवेदनमा सूचक र बेसलाइन अनुसारका परिवर्तनहरुलाई प्रष्ट रुपमा राखिनेछ । | अनिवार्य रुपमा प्रकाशन गर्ने<br><br>समूदाय स्तरमा गरिने PRRP बाट आएका सबै परिवर्तनहरुलाई गा वि स अनुसार compile गरी परिवर्तनहरुलाई उल्लेख गरिनेछ । |
| ७ | बार्षिक सामाजिक लेखापरीक्षण | प्रत्येक बर्षको पहिलो तीन महिना भित्रमा | सामाजिक लेखाजोखाका लागि चाहिने सम्पूर्ण तयारी गरी प्रदर्शन साथै छोटो प्रस्तुती | मूख्य कुराहरु नोट गरी आगामी दिनको लागि सुधार्ने प्रतिबद्धता साथै जिल्ला सरोकारवालाहरुमा सर्कूलर गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | साथै खुला छलफलको अवसर दिने ।<br><br>बार्षिक सामाजिक लेखापरीक्षणको प्रतिबेदन एक्सनएडमा पठाईनेछ । | |

**९. बाल प्रायोजन**

यस रणनीतिक योजना अन्तर्गतको मूख्य आर्थिक स्रोत वाल प्रायोजन कार्यक्रम रहेको छ । बाल प्रायोजन आर्थिक स्रोत संकलनको आधारमात्र नभै यस रणनीति अन्तर्गत गरिबी विरुद्धको अभियानमा ऐक्यबद्धता जनाई सक्रिय सहयोग गर्ने प्रक्रिया पनि हो । त्यसकारण बाल प्रायोजनलाई कार्यक्रमको अभिन्न अंगको रुपमा मूल प्रबाहिकरण गर्दै कार्यक्रम अगाडि बढाईने छ । बाल प्रायोजन अन्तर्गत गर्नुपर्ने सम्पूर्ण कार्य समयसिमा भित्रै अझ सृजनात्मक रुपले समूदाय तथा वाल क्लबहरुलाई परिचालन गरिनेछ । बाल प्रायोजनमा परेका वालबालिकाको विद्यालय निरन्तरता सुनिश्चित गरिनेछ । बाल क्लवको परिचालन मार्फत परिवार तथा समूदायमा सचेतिकरणको अभियान अझ प्रभावकारी ढंगले गरिनेछ ।

हाल बाल प्रायोजनमा परेका बालबालिकाहरु जम्मा ३९३ जना रहेका छन् । जसमा जम्मा बालक २०१ जना र वालिका १९२ रहेका छन् । जातजातिको आधारमा दलित बालक ८५ जना, बालिका ७९ जना जम्मा १६४ जना, जनजातिमा बालक ८ जना बालिका १७ जना र जम्मा २५ जना रहेका छन् । साथै अन्यमा बालक १०८ जना बालिका ९६ जना र जम्मा २०४ जना रहेका छन् ।

**१०. स्रोतको व्यवस्थापन**

ग्रामीण विकास केन्द्र, बाराले श्रोतको व्यवस्थापन तथा उपयोगको लागि आर्थिक तथा प्रशासनिक नियमावलीको निर्माण गरी त्यसको कार्यान्वयन तथा अधिकाँश प्राविधिक क्षेत्रको व्यवस्थापन तथा परिचालन गर्ने सोच लिएको छ । स्थानिय श्रोतको उपयोग तथा व्यवस्थापन र दिगोपनाको लागि प्रतिष्ठानले बिभिन्न निकायसंगको सहकार्यमा कार्यहरु अगाडी बढाउने छ । यसका अलावा संस्थाले आर्थिक तथा मानव श्रोतको व्यवस्थापनका लागि निम्न कार्यहरु गर्ने सोच लिएको छ

**१०.१ आर्थिक स्रोत**

एक्सन एड नेपालको साझेरिमा सन् २००६ देखी नियमित रुपमा कार्यक्रम सञ्चालन भई आएको छ जसको लागि बजेटको व्यवस्था भएको छ भने उक्त कार्यक्रममा स्थानीय निकाय, विभिन्न सरोकारवाला संघ संस्था तथा सरकारी निकायसँग समन्वयात्मक रुपमा संयुक्त कार्यक्रम संचालन समेत गरिदै आइरहेको छ । यसको अलावा संस्थाले अन्य बिभिन्न निकायहरुमा प्रश्तावना पेश गरिरहेको हुन्छ र उक्त परियोजना प्रस्तावनाको रकमवाट पनि श्रोत व्यवस्थापन गर्ने गरिन्छ भने संस्थाका कार्य समितिको वार्षिक सदस्यता नविकरणवाट उठेको रकम, ग्रा.खा.पा.विकास कोष, गरिबी निवारण कोष, युनिसेफ, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति जस्ता दातृ निकायहरुसंगको सहकार्यमा परियोजनामा स्वीकृत बजेटवाट संस्थाले सामाजिक परिचालनको क्षेत्रमा लगानि गर्नुका साथै स्थानीय स्तरमा रहेको श्रोत साधनलाई परिचालन गर्ने सोच लिएको छ ।

**१०.२ मानव स्रोत व्यवस्थापन**

यस संस्थामा मानवीय श्रोत प्रयाप्त रहेको छ साथै दलित, महिला , जनजाती तथा मुस्लिम समुदायको समावेशी रहेकोछ । संस्थामा रहेको मानवीय श्रोतहरुलाई सहभागितामूलक ढंगले कार्यसमितिको निर्णयानुसार परिचालन गरिनेछ । जसका लागि संस्थाले आर्थिक तथा प्रशासनिक नियमावली पनि बनाएको छ । जिम्वेवारिको वाडँफाड र तोकिएको जिम्वेवारि सम्बन्धितले पालना गर्नुपर्ने छ । सहजकर्ताहरुलाई अभियान मुखी बनाइने छ उनिहरुबाट स्वस्र्फुत सहयोगको अपेक्षा गरिनेछ ।अन्य सरोकारवाला निकायको जनशक्तिलाई पनि उपयोग गरिने छ । साझा उद्धेश्य भएका संघ संस्था तथा ब्यक्तिहरुको सहयोग तथा सहकार्यमा आगामी कार्यक्रमहरु अगाडी बढाईने छ ।

## ११. संस्थागत बिकाश र सुशाशन

संस्थागत विकास तथा सुशासनका लागि संस्थाको विधान, प्रशासनिक तथा वित्तीय नियमावली, दीर्घकालिन रणनीतिक योजना, संस्थाको प्रोफाइल लगायत संचार नीति, लैङ्गिक नीति आदि रहेका छन् । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्य समितिका पदाधिकारीहरुलाई विभिन्न परियोजना अनुगमन तथा रेखदेखको जिम्मेवारी दिइएको छ । त्यसै गरी सवै कार्यक्रमहरुबाट प्रतिनिधित्व हुने गरी कार्यक्रम व्यवस्थापन समितिको व्यवस्था गरीएको छ । हरेक वर्ष विधिवत रुपमा संस्था नविकरण, सदस्यता नविकरण लगायतका अन्य नीतिगत कार्यक्रमहरु नियमित रुपमा संचालित हुन्छन् ।

## १२. बहिर्गमन रणनीति

कार्यक्रमको ल्याएका उपलब्धिहरुलाई दिगो बनाई अघि बढाउनका लागि साझेदारी कार्यक्रम अन्तर्गत बनाईएका विभिन्न संजाल, समूह र सहकारीहरुको क्षमता अभिबृद्धि गरी विभिन्न निकायहरुसंग जोडने कामलाई अगाडि बढाईनेछ । यो कार्यलाई कार्यक्रमको अवधि सकिनु भन्दा अगाडि देखिनै शुरु गरिने छ । समूदायमा व्यक्तिहरुको क्षमतामा सुधार गरी कार्यक्रमका प्रमुख कुराहरुलाई अगाडि बढाउन सक्ने नेतृत्वको विकाशमा आवश्यकता अनुसार विशेष ध्यान दिइने छ र कार्यक्रमको समाप्तिका बारेमा समूदाय, अधिकारवाला, सरोकारवाला, प्रायोजित वालवालिका र उनीहरुका अभिवाबकहरुलाई अगाडि देखि नै जानकारी दिईनेछ ।

कार्यक्रमलाई जोडेर लैजानका लागि संभावित दातृ निकायहरुमा समन्वय गरी संभव भएमा यो कार्यक्रमकै क्षेत्रमा अर्को परियोजना ल्याउने पहल गरिने र सोही अनुसारको प्रस्तावनाहरु तयार गरिने छ । कार्यक्रम सकेपछि कुन कुन कुरामा कस्तो क्षमताको आवश्यकता पर्दछ भन्ने कुराको विश्लेषण गरेर सो अनुसारको क्षमता अभिबृद्धिका लागि पहलहरु गरिने छन् ।

साझेदारी कार्यक्रमका मूल्यांकनबाट आएका सुझावहरुमा आधारित भै वहिर्गमन रणनीतिका लागि आवश्यक तयारी गरिने छ ।

## १३. जोखिम व्यवस्थापन

कार्यक्रम कार्यान्वयनको सन्दर्भमा विभिन्न किसिमका जोखिमहरु पनि आउन सक्ने संभावना हुन्छ, जसलाई समय मै आंकलन गर्ने र व्यवस्थापन गरि कार्यक्रमलाई सुचारु ढंगले अगाडी बढाउनु सवभन्दा बुद्धिमता हुन्छ । ति संभावित जोखिमहरु जस्तै : कर्मचाारी कर्मचारी बीचको द्वन्द, कर्मचारी कार्यसमिति बीचको द्वन्द, बन्द हडताल, जनसंगठनहरुको आन्तरिक कलह, अभियानहरु बीच मै भाँडिने, हुनेखानेहरुको चलखेल बढने,आदि आदि हुन सक्छ । यी जोखिमहरु कतिपय हाम्रो नियन्त्रणमा हुन्छ भने कतिपय हाम्रो नियन्त्रण बाहिर पनि हुन्छ । नियन्त्रण भित्र रहेका कतिपय जोखिमहरु समय मै व्यवस्थापन गर्न सकिएन भने पनि त्यो नियन्त्रण भन्दा बाहिर जान सक्ने संभावना हुन्छ । त्यसैले प्रत्येक वर्ष कार्यक्रमको योजना तर्जुमा गर्दा संभावित जोखिमहरुको विश्लेषण र तिनले अधिकारवाला तथा संस्थालाई पार्ने प्रभावको स्तर ( उच्च, मध्यम, न्यून ) को विश्लेषण गरिने छ । हाम्रो काबु भित्र हुने जोखिमहरुलाई समय मै व्यवस्थापन गर्न सोहि अनुसारको रणनीति तथा आवश्यक निति निर्माण र श्रोतको व्यवस्थापन गरि अगाडी बढने छ । हाम्रो नियन्त्रण भन्दा बाहिर हुने कतिपय जोखिम जस्तै धेरै लामो बन्द, हडताल आदिमा कहिले काही केहि पनि गर्न नसक्ने अवस्थाहरु हुन्छ भने कहिले काही समय परिस्थिति हेरी अन्य उपायहरु अवलम्बन गरि कार्यक्रमलाई सुचारु राखिने छ तर कार्यक्रमको आकार र प्राथमिकता हेरी त्यस्ता संभावित जोखिमहरुसंग जुध्न र कार्यक्रमलाई प्रभावित हुन नदिनको लागि संस्थागत तहमा श्रोतको अग्रिम व्यस्थापन संगै आकष्मिक योजना contingency plan तयार गरि अगाडी बढने छ ।

## १४. निश्कर्ष

काम गर्दै र सिक्दै आउने क्रममा एक्सनएड इन्टरनेशनलको परिवर्तीत चौथो रणनिति पत्रको आधारमा सवै साझेदारी संस्थाहरुले आ -आफ्नो कार्यक्रमको रणनिति योजना परिमार्जन गर्नु पर्ने भएकाले यस रणनीति योजना तयार गरिएको हो । यसमा आगामि कार्यक्रमलाई मार्ग निर्देशनका साथै कार्य गर्ने तौर तरिका उद्धेश्य, लक्ष्य, उपलब्धिहरु र सुचकहरु निश्चित गरिएको छ । सवै साझेदारहरुले आ-आफ्नो कार्यक्रमसंग सम्वन्धित रणनिति योजना परिमार्जन पर्ने भएको हुनाले दुवै साझेदार संस्थाको एक आपसमा सहयोगको आदान प्रदान गरी यसको तयारी गरिएको हो ।

स्थानिय अधिकार कार्यक्रम मार्फत मानव अधिकारमुखी दृष्टीकोणवाट गरीव तथा अन्यायमा परेका मानिसहरुलाई आफ्नो अधिकारको वारेमा समग्र सवलिकरण तथा शक्तिकरण गर्न गराउन उनीहरुलाई आफ्नो अधिकारको वारेमा जागरण गर्दै अधिकार प्रति सचेत बनाउदै विद्यमान सामाजिक शक्ति सम्बन्धलाई चुनौती दिनको लागि संगठन निर्माण, विस्तार गरी समग्र मुद्धाहरुमा व्यापक जनपरिचालन गर्न आवश्यक छ । यसका साथै अधिकारवालाहरुको दैनिक जीविकोपार्जनका लागि आधारभुत आवश्यकताहरु आधारभुत अधिकारको रुपमा सम्बोधन गरीनु पर्छ । गरीबमुखि नीति नियमलाई प्रभावकारी कार्यान्वयन, संशोधन, सुधारको लागि स्थानिय अधिकार कार्यक्रमको माध्यमवाट सुसुचित वकालत, अभियानको माध्यमवाट परिवर्तन गर्नु यसको मुख्य उदेश्य हो । साथै सेवा प्रदायकहरुलाई गरीव तथा पछाडि पारिएको समुदाय तथा वर्गको हितमा बढी भन्दा बढी उत्तरदायी बनाउन उनीहरुको अगुवाईमा अभियान संचालन गर्न आवश्यक छ । विभिन्न संगठन, संजाल, नागरीक समाज आदि संग हातेमालो गरी परिवर्तनको लागि एकढिक्का भएर काम गर्नुपर्ने भएको हुनाले विभिन्न सवालमा एकै प्रकारको वुझाई भई रणनिति योजना तयार गरिएको हो ।

# समाप्त